# २१औं वार्षिक साधारण सभा प्रस्तुत प्रतिवेदन

आर्थिक वर्ष
२०७६/०७७

दर्ता नं. १५३/०५६/०५७

## सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लि.

पोखरा-८, कास्की
फोन नं. ०६१-५३८७५१, ५५१७०४
Email: sanchaya.cooperative@gmail.com
Website: www.sanchaycoop.com

# सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लि.

## सञ्चालक समिति



श्री नारायण बहादुर कार्की
अध्यक्ष
मो. : ९८५६०४२२१४



श्री गणेश बहादुर थापा क्षेत्री
उपाध्यक्ष
मो. : ९८४६०२९३४३



श्री नबराज पौडेल
सचिव
मो. : ९८५६०५६७३०



श्री राधाकृष्ण घिमिरे
कोषाध्यक्ष
मो. : ९८४६०२८२८३



श्री ईन्द्रकमल मानन्धर
सह-सचिव
मो. : ९८४६१३८४७३



श्री लक्ष्मीपति पोखेल
सदस्य
मो. : ९८४६०५८४७२



श्री प्रतिमा शर्मा
सदस्य
मो. : ९८४६५६३४८८




श्री कृष्णा श्रेष्ठ
सदस्य
मो. : ९८४६२५८३३८



श्री दिनेशबाबु खड्का
सदस्य
मो. : ९८५६०२६२४९

## सल्लाहकार समिति



श्री कृष्णप्रसाद बराल
संयोजक
मो. : ९८४६०५०३५४



श्री पीताम्बर शर्मा
सदस्य
मो. : ९८४६०४०५५१



श्री नारायणप्रसाद शर्मा
सदस्य
मो. : ९८५६०२५३६४



श्री नरेन्द्रराज बराल
सदस्य
मो. : ९८५१०९४०१४



श्री ईश्वरप्रसाद सुवेदी
सदस्य
मो. : ९८४६०२९४३९

## कानुनी सल्लाहकार



श्री डि.पि. अधिकारी
सदस्य
मो. : ९८४६०८२९००

# सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

पोखरा - ८, सृजनाचोक

## २१ औं बार्षिक साधारण सभाको सूचना

**सम्पूर्ण शेयर महानुभावहरु,**

नेपाल सरकार, भूमि व्यवस्था सहकारी तथा गरीवी निवारण मन्त्रालय, सहकारी विभागको मिति २०७७/६/०१, पत्र संख्या ०७७/७८, चलानी नं. २०२ को सूचना अनुसार यस संस्थाको २१ औं वार्षिक साधारणसभा सम्पन्न गर्नकोलागि यहि २०७७/०६/१० गते देखि २५ गते सम्ममा संस्थामा उपस्थित भई तपसिल वमोजिमको विषयहरुमा, प्रतिवेदनमाथिको सुझाव, सल्लाह वा संशोधन प्रस्तावसमेत भए सोसहित साधारणसभाकोलागि लिखित जानकारी गराउन आग्रह तथा अनुरोध गर्दछौं ।

**छलफलका बिषयहरू:**

१. अध्यक्षज्यूद्वारा सञ्चालक समितिको तर्फबाट बार्षिक प्रतिवेदन, वार्षिक कार्ययोजना प्रस्तुत एवम् पारित गर्ने
२. लेखा सुपरीवेक्षण समितिका संयोजकज्यूद्वारा आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने
३. कोषाध्यक्षज्यूद्वारा आ.व.२०७६/०७७ को लेखापरीक्षण सहितको आर्थिक प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने
४. आ.व.२०७७/०७८ को बार्षिक कार्यक्रम तथा बजेट पारित गर्ने
५. सञ्चालक समितिबाट तय गरेको प्रस्तावित लाभांशको अनुमोदन गर्ने
६. सञ्चय सहकारी सदस्य कल्याणकारी कोषको विनियम -२०६५ संशोधन गर्ने
७. आ.ब.२०७७/०७८ को लागि लेखापरीक्षकको नियुक्ति एवम् पारिश्रमिक तोक्ने
८. २१ औं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न साधारण सदस्य र सञ्चालकको तर्फबाट प्रतिनिधि चयन गर्ने ।
९. विविध

प्रार्थी

**सञ्चालक समिति**

# २१औं साधारणसभामा सन्चालक समितिका तर्फबाट अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन

संस्थाको २१ औं साधारणसभामा समुपस्थित सन्चालक समितिका पदाधिकारी एवं सदस्य, सल्लाहकार समिति, लेखा सुपरीवेक्षण समिति, ऋण लगानी तथा असूली उपसमिति, शिक्षा उपसमिति, कल्याणकारी उपसमिति, सहकारी प्रवर्धन उपसमिति, महिला परिचालन उपसमिति र पदपूर्ति उपसमितिका संयोजक, सदस्य तथा सम्पूर्ण शेयर सदस्य महानुभावहरु

संचयको साधारणसभाका अवसरमा प्रथमतः यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु । संघारमै रहेको बडादशैं २०७७ एबं तिहार छठ लगायतका चाडपर्वहरुमा सिंगो संचय परिवारमा मंगलमय शुभकामना व्यक्त गर्दछु । यसपटक हामी विश्वब्यापीरुपमा कोरोना भाइरशको संक्रमणले फैलाएको असाधारण परिस्थितिका बीच वार्षिक साधारणसभामा छौं । कोभिड १९ संग जुध्न सरकारले लगाएको लकडाउन निषेधाज्ञा लगायतका कारण संस्थाका दैनिक कृयाकलाप संचालन गर्न पनि कठिनाइ भयो । यस्तो अवस्थामा पनि सीमित कर्मचारी र सीमित समयसम्म कार्यालय खोलेर शेयर सदस्यहरुलाई सेवा दिने प्रयत्न जारी रहेको यहाँहरूलाई विदितै छ ।

१. सहकारीको विश्वव्यापी मूल्य मान्यता र सिध्दान्तलाई आत्मसात गर्दै अघि बढेको हाम्रो संस्था सदस्यहरुको संख्यात्मक र कारोबारको हिशाबले पनि निरन्तर अघिबढेको छ । संचयको बृहत परिवारभित्र आब ०७६। ०७७ सम्म कूल १५३८ जना शेयर सदस्य संगठित छौं । पुरुष शेयर सदस्यको तुलनामा महिला शेयर सदस्यको संख्या अधिक भएको छ जसमा महिला शेयर सदस्य ७९५ र पुरुष शेयर सदस्य ७४३ पुगेको छ। अघिल्लो बर्ष यो संख्या १५१६ थियो ।
२. अघिल्लो वर्ष शेयर थप गरेका कारणले हामीले यो वर्ष शेयर थप्ने योजना बनाएका थिएनौं । यो वर्ष शेयर सदस्य संख्या नगन्य रुपमा बढेको छ भने त्यसैको अनुपातमा कूल शेयर पुँजी रु १२ करोड ७९ लाख ४३ हजार ५ सय पुगेको जानकारी गराउँछु ।
३. अघिल्लो वर्षमाजस्तै हामीले यो वर्ष पनि तरलता आधिक्यताको समस्या भोग्यौं । कोभिड १९पछि त यो समस्या झनै जटिल बन्यो तैपनि हामीले तरलतालाइ ब्यबस्थापन गर्ने प्रयत्न जारी राख्यौं । यससम्बन्धि बिस्तृत विबरण कोषाध्यक्ष र लेखा परीक्षण प्रतिवेदनबाट जानकारी हुने नै छ ।
४. यस वर्ष कूल ४२६ जना शेयर सदस्य ऋण कारोबारमा संलग्न रहनु भयो ।
५. संस्थाको २० औं वार्षिक साधारणसभा तथा अधिवशेन २०७६ भाद्र १४ गते शनिवार साइमन पार्टी प्यालेशमा भयो जसमा ९१७ जना शेयर सदस्यहरुको उपस्थितिमा चार वर्षे कार्यकालका लागि नयाँ संचालक समितिको सर्वसम्मत चयन भयो ।
६. कार्यक्रममा राखेर पनि हामीले यो वर्ष सहकारी अबलोकन भ्रमणमा जान सकेनौं ।

७. सहकारी संघसंस्थाहरुको विभिन्न गतिविधि तथा तालीम गोष्ठीमा भाग लिने क्रम जारी रह्यो । २०७६ असोज ३ गते नवनिर्वाचित संचालक समिति, सल्लाहकार समिति, लेखा सुपरीवेक्षण समिति, विभिन्न उपसमितिहरु र कर्मचारीहरुको सहकारी सम्वन्धि संयुक्त प्रशिक्षण भयो । गन्डकी प्रदेश सहकारी विभागका रजिष्ट्रार बद्रीनाथ अधिकारीले प्रशिक्षण दिनु भएको थियो । कास्की वचत तथा ऋण सहकारी संघको अधिवेशनमा संस्थाका उपाध्यक्ष गणेशबहादुर थापा र काठमाडौंमा भएको सहकारी बैंकको १३ औं साधारणसभामा संस्थाका सचिव नवराज पौडेलले भाग लिनु भएको थियो । जिल्ला सहकारी संघको साधारणसभामा पनि उहाँनै सहभागी हुनु भएको थियो । संस्थाको शेयर रहेको रुरु जल विद्युत परियोजना लि को १४ औं साधारणसभामा कोषाध्यक्ष राधाकृष्ण घिमिरे, पोखरामहानगरपालिका-८ मा आयोजित डेंगु रोगसम्बन्धि सचेतना कार्यक्रममा सचिव नवराज पौडेल सहभागी हुनुभयो । आइएमईले आयोजना गरेको तालिममा उपाध्यक्ष गणेशबहादुर थापा क्षेत्री र कर्मचारी संगीता गुरुङले भाग लिनु भएको थियो ।

८. सदस्य कल्याणकारी कोषबाट कडा खालको रोग लागेर उपचार गराउनु भएका तीर्थराज पौडेल, प्रेमकुमार थापा, रमादेवी पराजुली, राजेन्द्रमान श्रेष्ठ र विष्णुबहादुर थापालाई जनही रु ३५ हजारका दरले उपचार खर्च प्रदान गरियो । कल्याणकारी कोष विनियममा स्पष्टता ल्याउन वांछनीय भएको ठानी संचालक समितिको बैठकले विनियममा सुधार गरेको छ । सम्मानित साधारण सभावाट त्यसलाई अनुमोदनका लागि आग्रह गर्छु ।

९. संस्थागत सामाजिक उत्तरदायित्वलाई निरन्तरता दिँदै गत चैत १ गते संस्थाको वार्षिकोत्सवका अवसरमा पोखरामहानगरपालिका १७ मा रहेको मानव सेवा आश्रमलाइ खानेपानी ट्यांकी लगायतका सरसफाइका सामग्री हस्तान्तरण स्थलगत रुपमै गरियो ।

१०. यस वर्ष हामीले शेयर सदस्य सुरेश गिरी तथा बद्रीलाल ज्वारचनलाइ गुमायौं । संस्थाको परम्पराअनुसार परिवारजनलाइ भेटेर समवेदना दिनुकासाथै भेटीस्वरुप रु १० । १० हजार प्रदान गरियो ।

११. यस अवधिमा संचालक समितिको बैठक १४ पटक, सदस्य कल्याणकारी कोषको ६ पटक, लेखा सुपरीवेक्षण समितिको १९ पटक, ऋण लगानी तथा असुली उपसमितिको १२ पटक, पदपूर्ति उपसमितिको १ पटक, महिला परिचालन उपसमितिको ३ पटक, , सहकारी प्रवर्द्धन उपसमितिको १ पटक र शिक्षा उपसमितिको ४ पटक बैठक बसेको थियो ।

**कोभिड १९ पछिका गतिविधि**

कोभिड १९ ले विश्वब्यापी रुपमा नै प्रभाव पारेको परिप्रेक्षमा हाम्रो सहकारी अछुत रहनसक्ने अवस्था रहेन । यसैलाइ मध्यनजर गर्दै सदस्यहरुको अधिकतम हित र कल्याणकालागि निम्नलिखित गतिविधि संचालन गरिएको सम्मानित साधारणसभामा जानकारी गराउन अनुमति माग्छु ।

क. कोभिड १९ को सामना गर्न चैत ११ गतेदेखि सरकारले पूर्णरुपमा लकडाउन घोषणा गरेकोमा लकडाउन अवधिमा पनि बैशाख २१ गतेदेखि नै आंशिकरुपमा कार्यालय संचालन गरेर सदस्यहरुलाइ सेवा उपलब्ध गराएका थियौं । आफ्नो वचत रकम झिक्न आवश्यक पर्ने सदस्यहरुलाइ बैशाखको प्रारम्भदेखि नै बेलाबेलामा अफिश खोलेर सेवा दिएका थियौं ।

ख. लकडाउन सुरु भएदेखि असार मसान्तसम्म सदस्यहरुले तिर्नुपर्ने ब्याजमा १० प्रतिशत छूट एवं सो अवधिको

हर्जाना ब्याज सम्पूर्ण छूट दिने  ब्यबस्था संचालक समितिको निर्णयअनुसार कार्यान्वयन गरियो । यसरी छूट दिएको रकम रु ४२ लाख १३ हजार २२९। ३३ भएको जानकारी गराउँछु ।

ग. कोभिड १९ ले सिर्जना गरेको असहज परिस्थितिको सामना गर्न निक्षेप र कर्जामा दिने र लिने ब्याजमा समायोजन गरियो ।

घ. महामारी लगायतका अन्य प्राकृतिक घटनामा सदस्यहरुको हितका लागि स्थापना गरिएको कल्याणकारी कोषबाट सम्पूर्ण सदस्यहरुको कोभिड १९ विमा गरियो । प्रिमियमबापत प्रतिसदस्य रु ६०० संस्थाले ब्यहोरेको र आगामी चैत मसान्तसम्म कुनै पनि सदस्यको कोभिड पिसिआर रिपोर्ट पोजेटिभ आएमा रु १ लाख भुक्तानी नेपाल इन्स्योरेन्श कम्पनी लि. बाट दावी गर्न सकिने ब्यबस्था छ ।

ङ. कोभिड १९ को महामारीसंग जुध्न सरकारी कोषमा रु २५ हजार संस्थाका तर्फबाट सहयोग गरियो ।

अब म संस्थाको कार्य योजना प्रस्तुत गर्न सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

क. जग्गा खरीद गरिसकेर पनि हामीले संस्थाका लागि आवश्यक भवन निर्माण अझै गर्न सकेका छैनौं । अब अर्को जग्गाको खोजी गर्नुभन्दा पृथ्वीचोक नजीक रहेको  जग्गामा ०७७। ०७८ मा भवन निर्माण गर्ने योजना बनाएका छौं ।

ख. संघीय संरचना अनुसार सहकारीका ऐन नियमावली आइसकेका र तदनुरुप संस्थालाई अघि बढाउन विशेषज्ञको सहयोग लिएर दीर्घकालीन योजना तर्जुमा र रणनीतिको खाँचो पर्ने हुँदा दीर्घकालीन योजना तर्जुमा गोष्ठी गर्ने योजना बनाएका छौं ।

ग. संस्था बहुउद्देश्यीय वा वचत तथा ऋण जुनसुकै प्रकृतिको भए पनि संस्थाको निश्चित प्रतिशत रकम उत्पादनमूलक क्षेत्रमा लगानी अनिवार्य गरिएको हुँदा फार्मिङ संचालनका लागि केही जग्गा किन्ने योजनालाई यथावत राखिएको छ । कोभिड १९ का कारण अन्य क्षेत्रमा धैरै संकुचन आएको र कृषि क्षेत्रमा संभावना बाँकि रहेको हुँदा यस सम्बन्धमा गंभीर पहल गर्नुपर्ने खाँचो छ । त्यस्तो उपयुक्त जग्गा कतै भएमा वा उपयुक्त योजना भएमा पनि सुझाव दिनका लागि हार्दिक आव्हान गर्दछौं ।

घ. सहकारीको एकीकरणमा पनि सहकारी ऐन नियमले जोड दिएको छ । हामी  उपयुक्त सहकारीहरुसंग एकीकरण गर्न र समस्याग्रस्त नभएको कुनै पनि सहकारी समाहित हुन चाहेमा पनि  खुला छौं ।

ङ. सहकारी सम्बन्धी ऐन र नीति नियम अनुसार संस्थाको विनियम पुनर्लेखन आवश्यक छ । सस्थांको विनियम पुनर्लेखन समिति गठन गरेर पुनर्लेखन कार्यारम्भ भएको जानकारी गराउँछु ।

च. सहकारी आधारभूत तालीम, सहकारी अवलोकन भ्रमण, कर्मचारी उत्प्रेरणा तालिम, शेयर सदस्यहरुलाई सीपमूलक तालिम (कौशी खेती र हस्तकला), स्वास्थ्य परीक्षणलाई पनि योजनामा समावेश गरिएको छ ।

संस्थाको बहुउद्देश्यीय चरित्रका दृष्टिकोणले हेर्दा हामीले लगानीमा विविधता ल्याउन सकेनौं । माथिल्लो हुग्दीमा जलविद्युत क्षेत्रमा गरेको लगानीले विगत दुइ वर्षदेखि प्रतिफल दिन थालेको छ । राष्ट्रिय सहकारी बैंकमा संस्थाको शेयर लगानी बढाएर रु १० लाख पुगेको छ । यसबाट पनि मुनाफा आर्जित भएको छ ।

समष्टिगत रुपमा हेर्दा आर्थिक वर्षको सुरुआत देखि नै आर्थिक कृयाकलाप खुम्चदै गएको अवस्थामा

कोभिड १९ ले झनै संकट सिर्जना भयो । यसका बाबजुद हामीले सोचेजति काम गर्न नसके पनि निराश हुनुपर्ने अवस्था भने छैन । कोभिड सक्रमण झनै फैलिएको हुँदा आगामी दिन झनै चुनौतिपूर्ण हुने सभावना छ। कोभिडकै कारण यस वर्ष कक्षा १२ मा उत्कृष्ट हुने शेयर सदस्यका छोराछोरी र उच्च शिक्षा हासिल गर्ने राष्ट्रिय जीवनका विविध क्षेत्रमा सम्मानित हुने शयर सदस्यहरुलाई सम्मान गर्न सकेनौं । समय अनुकुल भएपछि यो कर्यक्रमलाई निरन्तरता दिइनेछ । सरकारको सहकारीप्रतिको दृष्टिकोण र नीति एवं मुलुकमा विद्यमान लगानीको वातावरण एवं हामी सम्पूर्ण शेयर सदस्यहरुको कृयाशीलतामा संस्थाको भाग्य र भविष्य निर्धारण गर्ने विषयमा हामी सबै जानकार नै छौं । अन्त्यमा आशन्न बडा दशैंको पावन अवसरमा सबैमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै बिदा हुन्छु । जय सहकारी ।

नारायण कार्की
अध्यक्ष

---

## सहकारीका सात सिद्धान्तहरु

१ स्वैच्छिक तथा खुल्ला सदस्यता (Voluntary and Open Membership)

२ सदस्यहरुद्धारा प्रजातान्त्रिक नियन्त्रण (Democratic Member Control)

३ सदस्यको आर्थिक सहभागिता (Member Economic Participation)

४ स्वायत्तता तथा स्वतन्त्रता (Antonomy and independaence)

५ शिक्षा, तालिम र सूचना (Education, Training & Information)

६ सहकारी संस्थाहरु बिच सहयोग (Co-operation Among Co-operatives)

७ समुदायप्रति चासो (Concern for Community

# २१ औं बार्षिक साधारण सभामा प्रस्तुत आ.व. २०७६/२०७७ को लेखा सुपरीवेक्षण समितिको बार्षिक प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू सञ्चालकसमितिका पदाधिकारीज्यूहरु, सल्लाहकारज्यूहरु, लेखासमितिका साथीहरु, ऋण उपसमिति,शिक्षा उपसमिति, सहकारी प्रबर्धन उपसमिति, महिला परिचालन उपसमिति कल्याणकारी कोष पदपूर्ति उपसमिति लगायत बिभिन्न उपसमितिका पदाधिकारीज्यूहरु तथा उपस्थित सेयर सदस्य महानुभावहरु र संस्थाका सम्पूर्ण कर्मचारी साथीहरु ।

आज यस सम्मानित सभामा लेखा सुपरीवेक्षण समितिको तर्फबाट आर्थिक वर्ष २००७६/२०७७को बार्षिक प्रतिवेदन पेश गर्न चाहान्छु ।

सहकारीको नाम : सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, ठेगाना : पोखरा -८, सृजनाचोक

१) **अघिल्लो साधारण सभाको निणर्यहरुको अवस्था :**

गत वर्ष मिति २०७६/०५/१४ गते सम्पन्न २० औं वार्षिक साधारणसभाले गरेका निणर्यहरुको कार्यान्वियन भएको पाईयो ।

२) **आ.व २०७६/२०७७ मा बसेको बैठक संख्या :**

सञ्चालक समितिको बैठक संख्या : १४, लेखा सुपरीवेक्षण समितिको बैठक संख्या : १९

कर्जा लगानी उपसमितिको बैठक संख्या : १२, महिला परिचालन उपसमितिको बैठक संख्या : ३

शिक्षा उपसमिति बैठक संख्या : ४, सहकारी प्रबर्धन उपसमितिको बैठक संख्या : १, कल्याणकारी कोषको बैठक संख्या : ६ र पदपूर्ति समितिको बैठक संख्या : १

**बैठकको निणर्य कार्यान्वयनको अवस्था :**

३) **कर्जा लगानीको प्रक्रिया र कर्जा वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :**

संस्थामा प्राप्त निवेदन उपर प्राविधिक, कर्जा लगानी उपसमिति र १ जना कर्मचारी सहितको टोलीले स्थलगतरुपमा धितो तथा परियोजना स्थलको निरिक्षण गरेपश्चात प्राविधिक मूल्यांकन प्रतिवेदनका आधारमा उपयुक्त देखिएमा कर्जा लगानी उपसमितिको वैठकबाट कर्जा लगानी गर्ने निर्णय भएपछि मालपोत कार्यालयबाट धितो सुरक्षण पारित र धितो रोक्का राखेर लगानी गर्ने र सञ्चालक समितिले अनुमोदन गर्ने गरेको पाईयो । रु. १० लाख भन्दा कमको लगानी कार्यालय स्तरिय कर्जा कमीटिको निर्णयबाट लगानी गर्ने गरिएको पाईयो ।

४) **सहकारी महाशाखाबाट जारी गरीएका मापदण्डहरुको पालना सम्वन्धी संक्षिप्त विवरण :**

सस्थाले सहकारी महाशाखाबाट जारी गरीएका मापदण्ड पूर्णरुपले पालना गरेको पाईयो ।

५) **सहकारी विभाग, महाशाखा वा सम्वन्धित संघले अनुगमनगरी दिईएका प्रतिवेदन अनुसारका निर्देशन सुझावहरु**

**कार्यान्वयन सम्वन्धित विवरणहरु :**

सहकारी महाशाखा कास्कीले दिएका सुझाव तथा निर्देशनको पालना एवं कार्यान्वयन गरेको पाईयो ।

६) **कर्मचारी प्रशासन सम्वन्धित व्यवस्थाहरु :**

क) मानव संसाधन व्यवस्थापन नीति प्रयोगमा ल्याइएको ।

ख) कर्मचारी संख्या

स्थायी कर्मचारी-८, करार सेवामा-३ जना गरी जम्मा ११ जना र सुरक्षक १ गरेर जम्मा १२ जना कर्मचारी रहेको ।

७) लेखा समितिले यस अघि दिएका सुझावहरुको कार्यान्वयनको अवस्था :

क) लेखाको हिसाव राख्ने प्रणाली प्रचलित दोहोरो लेखा प्रणाली सफ्टवेयर प्रयोगगरी कम्प्युटरमा राखिएको पाईयो ।

ख आयकर ऐन अनुसार संस्थाले बुझाउनुपर्ने सबै प्रकारका करहरु आन्तरीक राजश्व कार्यालयमा समयमानै दाखिला गरेको पाईयो ।

ग) संस्थाले दशैं र तिहार विदा बाहेक अन्य सवै सार्वजनिक बिदाका दिनहरुमा पनि सदस्यहरुलाईं सेवा प्रदान गर्दै आईरहेको पाईयो । संस्थाको कार्यालय समय माघ १६ गतेदेखि कात्तिक १५ गतेसम्म बिहान ९:३० बजेदेखि बेलुका ५.३० बजेसम्म र कात्तिक १६ गते देखि माघ १५ गते सम्म सांझ ४:३० बजे सम्म र सार्वजानिक बिदाको दिन बिहान १० :०० बजे देखि दिउँसो २.०० बजे सम्म सञ्चालन गर्ने गरिएको. ।

घ) संस्थाले सुरक्षाकोलागी काउन्टरको रु १५ लाख, भल्टको रु १५ लाख र रकम स्थानान्तरण (बैंकमा जम्मा गर्न लैजांदा र ल्याउँदा बाटोको) पनि रु १५ लाख कभर हुनेगरी बीमा गरेको पाईयो ।

ङ) सम्पूर्ण सदस्यहरुको रु १/१ लाखको कोरोना बीमा गरेको पाइयो ।

च) नाफा/नोक्सान नगद प्रवाह वासलातहरु सम्वन्धी विस्तृत विवरण लेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

छ) सहकारी मापदण्ड बमोजिम कर्जाको अवधि बर्गीकरण गरि सो को आधारमा कर्जा नोक्सानी व्यवस्था गरेको पाईयो ।

ज) पूर्ण लकडाउनको समयमा समेत सदस्यहरुको सुविधाकोलागि आवश्यकता अनुसार सेवा सुविधा प्रदान गरेको पाईयो ।

**लेखा सुपरीवेक्षण समितिको सुझावहरु :**

१. सहकारी ऐन २०७४ ले निर्देशन गरेका नयां व्यवस्था बमोजिम संचालक समितिले संस्थाको विनियम , निति तथा कार्यविधिहरु पुनर्लेखन एवं संशोधन गर्नुपर्ने सुझाव दिन चाहान्छौं ।

२. निष्कृय प्राय :बैंक खाताहरु बन्द गर्नुपर्ने ।

३. शेयर सदस्यले कर्जाको लागि प्रस्ताव गर्दा धितोको अतिरिक्त निजको मासिक आम्दानी र खर्चको विश्लेषण गरी कर्जाको किस्ता र व्याज तिर्ने क्षमता हेरेर कर्जा लगानी गर्दा उपयुक्त हुने ।

५. संस्था संचालनको क्रममा संचालक तथा व्यवस्थापन पक्षबाट संस्थाको विनियम ,साधारण सभाका निर्णयहरु, प्रतिवेदनहरुमा उल्लेखित सुझाव र कार्यक्रमहरु संचालक र लेखा समितिका निर्णयहरु समय समयमा पुनरावलोकन गर्दै जानुपर्ने ।

शेयर सदस्य महानुभावहरु,

यस अवधिमा लेखा समितिको तर्फबाट हामी संस्थाको हित एवं उन्नति प्रगतिको लागी सहकारीको नीति नियम र प्रचलित लेखा प्रणाली अनुसार आन्तरीक लेखापरीक्षण सम्पन्न गरी साधारण सभामा पेश गरेका छौं । साधारण सभाको निर्देशन अनुसार सम्पन्न गरेका समग्र गतिबिधिहरुलाई यहाँहरुले सकारात्मक रुपले मूल्यांकन गर्नुहुने नै छ भन्ने आशा एवं विश्वासका साथ यो प्रतिवेदन पेश गरेका छौं । यसमा यहाँहरुको सुझावको कार्यन्वयन गर्ने प्रतिवद्धता जाहेर गर्दछौं । संस्थालाई अझ बढी सवल पारदर्शी र उन्नत बनाउन लेखा समिति सदैव तत्पर छ । अन्त्यमा हाम्रो कार्य सम्पादनमा सहयोग गर्नुहुने सम्वद्ध सवैमा आभार व्यक्तगर्दै यो संक्षिप्त प्रतिवेदन छलफलपछि पारित गरीदिनुहुन यस सम्मानित सभालाई अनुरोध गर्दछु ।

(याम नारायण लामिछाने)
सदस्य

(कृष्णप्रसाद शर्मा)
सदस्य

(नेत्रनारायण सुवेदी)
संयोजक

# २१ औं बार्षिक साधारण सभामा कोषाध्यक्षद्वारा प्रस्तुत आ.व.२०७६/७७ को आर्थिक प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू सञ्चालक समितिका पदाधिकारीज्यूहरु, सल्लाहाकारज्यूहरु, लेखा सुपरिवक्षण समितिका पदाधिकारीज्यूहरु, लगायत कर्जा लगानी उपसमिति, शिक्षा उपसमिति, पदपूर्ति उपसमिति, कल्याणकारी उपसमिति, महिला परिचालन उपसमिति र सहकारी प्रवर्द्धन उपसमितिका पदाधिकारीज्यूहरु र संस्थाका सम्पूर्णशेयर

**सदस्यज्यूहरु**

संस्थाको २१ औं साधारण सभाको अवसरमा प्रथमतः यहाँहरुलाई हार्दिक स्वागत गर्दछु। म कोषाध्यक्षको हैसियतले संस्थाले यस अर्थिक वर्ष २०७६/७७ मा हांसिल गरेका उपलब्धिहरु र हालसम्मको संस्थाको वित्तीय विवरण सहितको प्रतिवेदन संक्षेपमा यहाँहरु समक्ष प्रस्तुतगर्न गईरहेको छु। शेयर सदस्यज्यूहरु, विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ (कोरोना भाईरस) को संक्रमणको कारण, संक्रमण रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारबाट २०७६ चैत्र ११ गतेदेखि २०७७ जेठ सम्म लगातार पूर्णरुपले देशैभर लकडाउन भएको र तत्पश्चात पनि असार मसान्तसम्म आंशिक रुपमा मात्रै लकडाउन खुकुलो भएको अबस्थालेगर्दा सबै क्षेत्रहरु प्रभावित हुनगएको कारण गतवर्षको २० औं साधारणसभामा प्रस्तावित लक्ष्य अनुसारको प्रगती हांसिल हुनसकेन । यस सहकारीद्वारा मासिक रुपमा नै कर्जाको व्याज असुल गरिदै आएको भएतापनि चैत्र देखि आ.व. को अन्तसम्म कर्जाको किस्ता र व्याज असुलीमा कमी हुनगयो । सवैको व्यापार व्यवसाय देखि लिएर सम्पूर्ण आम्दानीका श्रोत/क्षेत्रहरु प्रभावित भएको र सबै आर्थिक गतिविधि/कारोवार ठप्प प्रायः भएको कारण हाम्रा ऋणी सदस्यहरुको आम्दानीको श्रोतहरु पनि प्रभावित भएको ठानी ऋणी सदस्यहरुलाई केहि राहत दिनुपर्ने हेतुले सञ्चालक समितिको निर्णयबाट सबै ऋणीहरुलाई लकडाउनु शुरुभएको मिति २०७६ चैत्र ११ गतेदेखि असार मसान्तसम्मको व्याजमा १० प्रतिशत छुट दिनेभनी निर्णय भएअनुसार सवै ऋणी सदस्यहरुलाई जानकारी गराएर सम्भव भएसम्मको सांवाको किस्ता रकम र व्याज असूलगर्ने कार्य गऱ्यौं । वर्षको अन्त्यमा बैंकहरुले सहकारीहरुलाई दिईरहेको निक्षेपको व्याजदर घटाएर साह्रै न्यून दिएको कारण हामीले पनि सदस्यहरुलाई उपलब्ध गराएको व्याजदरमा परिमाजर्न गर्नुपऱ्यो भने ऋणी सदस्यहरुले तिर्नुपर्ने कर्जाको व्याजदर पनि सोहि अनुसार समायोजन गरेका छौं । कोरोना महामारी अगावै समग्र देशमा घरजग्गा लगायतको कारोवारमा हुनआएको गिरावटका कारण कर्जाको माग अत्यन्त न्यून थियो भने कोरोना महामारी पश्चात झनै ठप्पै हुनगएकोले यस आ.व.मा कर्जा लगानीमा कमी आएको छ । समष्टिगत रुपममा हेर्दा आर्थिक वर्षको शुरुआत देखिनै आर्थिक कृयाकलाप खुम्चदै गएको अवस्थामा कोभिड-१९ ले झनै समस्या सिर्जना गऱ्यो । यसका बाबजुद हामीले सोचेजति कामगर्न नसकेतापनि निराश हुनुपर्ने अबस्था भने छैन ।

संस्थासंग लगानी योग्य रकम पर्याप्त रहेको अबस्थामा कर्जा सुविधा उपभोगगरी आफ्नो व्यापार व्यवसाय वृद्धि गर्नुहुन सम्पूर्ण शेयरसदस्यज्यूहरुमा आग्रह गर्दछु । ऋण भनेको घिन हो भन्ने मानसिकता त्यागौं र ऋण भनेको लगानी योग्य पुँजी हो भन्ने सोच राखौं । पुँजीको अभावमा कोही पनि शेयर सदस्य व्यवसाय गर्नबाट बञ्चीत हुन नपरोस सजिलो संग कर्जा उपलब्ध गराउन हामी प्रयासरत छौं ।

शेयर सदस्यज्यूहरु, यस वर्षको आर्थिक प्रतिवेदन सवै सदस्यज्यूहरुले प्राप्त गरिसक्नुभएको छ । विस्तृत विवरण प्रतिवेदनको वासलात, आयब्यय विवरण र अनुसूचीहरुमा समावेश गरिएको छ। अब म प्रतिवेदनमा उल्लेख भएको मुख्य शिर्षकहरुको विवरण संक्षेपमा राख्न चाहान्छु ।

१. **सम्पत्ति र दायित्व** :

यस आ.व. मा संस्थाको कारोवारमा केहि कमी आएकोले कुल सम्पत्ति र दायित्व गत वर्ष रु. ७३ करोड, २६ लाख १० हजार ९७४/३१ भएकोमा यस वर्ष ०.४५ प्रतिशतले कमी भएर रु. ७२ करोड, ९२ लाख ९१ हजार ४३७/५१ पुगेको छ। कर्जा लगानी र बचत संकलनमा केहि मात्रामा कमी भएता पनि तरलता भने वर्षैभरी पर्याप्त रहनगयो ।

२. **शेयर पुँजी** :

यस आ.व. मा नयाँ सदस्यहरु थप भएकोले गत वर्षको भन्दा रु.२५ लाख ६९ हजार २०० पुँजी वृद्धि भै जम्मा पुँजी रु. १२ करोड ७९ लाख ४३ हजार ५०० पुगेको छ ।

३. **निक्षेप** :

गत वर्ष संस्थाको कुल निक्षेप रु.४९ करोड ९१ लाख ९० हजार १३७/९९ भएकोमा यस आ.व.मा १ करोड ४५ लाख ६१ हजार ८३४/५४ (२.९१७ प्रतिशत) ले घट्न गई ४८ करोड ४६ लाख २८ हजार ३०३/४५ रहेको छ। यस आ.व. को अन्तसम्म शेयर सदस्य, सदस्यका नाबालक र आश्रित परिवारका सदस्य समेतको गरी जम्मा ३६५५ निक्षेप खाताहरु संचालित छन् । सम्पूर्ण शेयर सदस्यहरुले मासिक, नियमित रुपमा न्यूनतम रु. १,०००/- अनिवार्य जम्मा गर्दै जानुपर्नेमा लगभग १३० जना शेयर सदस्यहरु निस्क्रिय रहेको छन् । निस्क्रिय सदस्यहरुलाई समेत सक्रिय गराउनेतर्फ पहल भएको छ ।

४. **ऋण तथा लगानी** :

कुल कर्जा लगानी गत आ. व. मा रु ५२ करोड १९ लाख ३४ हजार ०४९/९३ रहेकोमा यस आर्थिक वर्षमा १.५० प्रतिशतले घट्न गएर जम्मा रु ५१ करोड ४१ लाख ०८ हजार ३६५/०२ रहेको छ। कुल कर्जामध्ये व्यक्तिगत शिर्षकमा ४०.७९ प्रतिशत, व्यवसायिक कर्जामा ५२.५९ प्रतिशत, आवासमा १.६६ प्रतिशत, मुद्दती रसिद कर्जामा ४.९६ प्रतिशत रहेको छ। कुल ऋण लगानीको ०.१४ प्रतिशत रु. ६,८४,४०९/०५ एकवर्ष भन्दा बढीले भाखा नाघेको (खराब) कर्जा रहेको छ । गत वर्षको भन्दा यस वर्ष खराब कर्जा घट्न गएको छ । भाखा नाघेको कर्जाको विस्तृत विवरण अडिटको प्रतिवेदनमा उल्लेख गरिएको छ। संस्थाले लगानी गरेको सम्पूर्ण कर्जाको नियमानुसार १ प्रतिशतदेखि शतप्रतिशतसम्म कर्जा नोक्सानी व्यवस्था गरिएको छ ।

**५. स्थिर सम्पत्ति हिसावः**

यस आ.व.वर्ष कार्यालयलाई आवश्यक भएको रु. ४,४००/- को १ थान कुर्सी मात्र खरिद गरिएको छ । सम्पूर्णस्थिर सम्पत्तिको नियमानुसार ह्रासकट्टी गरी खर्च लेखिएको छ । सबै स्थिर सम्पत्तीको बीमा गरिएको छ ।

**६. आम्दानी र खर्च तर्फ :**

आम्दानी र खर्चहरुको विस्तृत विवरण लेखा परिक्षक प्रतिवेदनको अनुसूची-११, १२, १३ र १४ मा उल्लेख गरिएको छ ।

| शिर्षक | लक्ष्य | उपलब्धी | घटी/बढी ५ |
|---|---|---|---|
| जम्मा आम्दानी | १०,७१,३०,०००/- | ९,२७,९५,६६१/७१ | -१३.३८ ५ |
| खर्च तर्फ : | | | |
| सञ्चालन र व्याज खर्च : | ५,९६,२१,०००/- | ५,८१,७२,६०३/२६ | -२.४३५ |

**अध्यक्ष तथा सदस्यज्यूहरु,**

रजिष्टर्ड लेखा परीक्षक एस.एल.एम एण्ड एसोसिएटस् चार्टर एकान्टेन्टस्बाट अन्तिम लेखा परीक्षण भै तयार पारिएको यो आर्थिक प्रतिवेदनमाथि छलफल गरेर पारित गरिदिनहुन सम्मानित साधारण सभासमक्ष अनुरोध गर्दछु । छलफलको क्रममा आउने जिज्ञासाहरुलाई शान्त पार्नुका साथै रचनात्मक सुझावहरुलाई स्वागत र सम्वोधन गरिने छ । अन्तमा कोषाध्यक्षको हैसियतमा मलाई सहयोगगर्ने सम्पूर्ण शेयर सदस्यज्यूहरु लगायत वर्तमान कार्य समिति, लेखा समिति, विभिन्न उप-समितिका संयोजक, पदाधिकारी र सदस्यज्यूहरुसहित सम्पूर्ण कर्मचारी वर्गप्रति आभार प्रकट गर्दछु ।

राधाकृष्ण घिमिरे
कोषाध्यक्ष

**SLM & ASSOCIATES**
*CHARTERED ACCOUNTANTS*

Newroad, Pokhara-09, Kaski, Nepal
(Opposite to Goshali House)
Phone: 061-526154
Mobile: 9856077078/9867284108

**श्रीसंचय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,**
पोखरा म.न.पा. ८, कास्की

## शेयर सदस्यहरुमा स्वतन्त्र लेखापरिक्षकको प्रतिबेदन

### १. लेखापरीक्षकको राय:

हामीले **श्री संचय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, पोखरा म. न.पा. ८, कास्की**को यसै साथ संलग्न २०७७ असार मसान्तको वित्तीय स्थिति विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्ष (२०७६-२०७७) को आय बिबरण हिसाब, नगद प्रबाह बिबरण, ईक्वीटिमा भएको परिवर्तन तथा संलग्न अनुसूचीहरुको लेखापरिक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणले नेपाल लेखामान तथा प्रचलित लेखापरीक्षण सिद्धान्त र सम्बन्धित ऐन अनुसार आषाढ ३१, २०७७ को वित्तीय स्थिति, सो मितिमा समाप्त बर्षको संचालन नतिजा, नगद प्रवाह,ईक्वीटिमा भएको परिवर्तन तथा संलग्न अनुसूचीहरुको सारभूत रुपमा यथार्थ एवं समुचित चित्रण गर्दछ र यि विवरणहरु सहकारी ऐन, नियमावली र निर्देशन अनुसार ठीकसंग तयार गरिएका छन् ।

### २. रायको आधार:

हामीबाट लेखापरीक्षण कार्य नेपाल लेखापरिक्षणमान तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून समेतलाई आधारमा राखी सम्पन्न भएको छ। ती मानहरुले हामीलाई ब्यबसायिक नैतिकताको पालना गर्न तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटि रहित भएको बारे मनासिब आश्वासन प्राप्त गर्न, लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्ने अनिवार्य गराउँछ । हाम्रो लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं । हामी नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाले जारी गरेको Code of Ethics for Professional Accountants तथा अन्य नैतिक आवश्यकता अनुरुप स्वतन्त्र रही लेखापरीक्षण सम्पन्न गरेका छौं ।

### ३. वित्तीय विवरणहरुप्रति व्यवस्थापकको जिम्मेवारी :

नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहको छ ! यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमले त्रुटि रहित, वित्तीय विवरण संबन्धित आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखा नीतिहरुको छनोट तथा लागु गर्ने एवम् परिस्थिति अनुसार लेखा संबन्धित महत्वपूर्ण अनुमान गर्नु पर्दछ ।

### ४. लेखापरीक्षकको जिम्मेवारी:

लेखापरिक्षणको आधारमा वित्तिय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरिक्षण नेपाल लेखापरिक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मानले हामीलाई व्यवसायीक नैतिकताको पालना गर्ने तथा वित्तिय विवरणहरु सारभुत रुपमा त्रुटीरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न, लेखापरिक्षणको योजना बनाउन र लेखापरिक्षण सम्पन्न गर्ने अनिवार्य गराउँछ ।

लेखापरिक्षण अन्तरगत वित्तिय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टी गर्ने प्रमाण प्राप्त गर्ने सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ । यसरी छनोट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपमा त्रुटीयुक्त प्रस्तुती हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यवसायिक निर्णयमा आधारित छ ।

SLM & ASSOCIATES Pokhara Nepal Chartered Accountants

E-Mail: slm.associates2017@gmail.com

त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले कम्पनीको आन्तरीक निर्णय उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभई, परिस्थिति अनुसार हामो लेखापरिक्षण कार्यविधि तयार गर्दा, कम्पनीले वित्तिय विवरण तयार एवं प्रस्तुती गर्ने क्रममा अबलम्बन गरेका आन्तरीक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरिक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याईएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपुर्ण अनुमानहरुको उपयुक्तताहरुको मूल्यांकनका साथै समग्र वित्तिय विवरण प्रस्तुतीको लेखाजोखा समेत समावेश हुन्छ ।

**५. अन्य कानुनी तथा नियमकारी आवश्यकता माथिको प्रतिबेदन**

माथि उल्लेखित व्यहोराको अतिरिक्त हामीले गरेका लेखापरिक्षण तथा हामीलाई प्राप्त सूचना एवम् उपलब्ध स्पष्टीकरणको आधारमा निम्नानुसारको थप प्रतिवेदन पेश गर्दछौं ।

५.१ हामीले लेखापरिक्षयण का लागि आवश्यक ठानेका सबै सूचना तथा स्पष्टीकरणहरु यथासीघ्र पायौं र हाम्रो रायमा संस्थाबाट प्राप्त विवरणहरु लेखापरीक्षणका निमित्त पर्याप्त छन् ।

५.२ यस प्रतिवेदनसंग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तत्सम्बन्धी अनुसूचिहरु सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ ले तोकेको ढाचा तथा सहकारीले राखेको लेखासंग दुरुस्त रहेका छन ।

५.३ हाम्रो बिचारमा संस्थाले आफ्नो हिसाब किताब प्रचलित कानुन अनुसार ठीक संग राखेको छ ।

५.४ संस्थाले सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ ले तोकेबमोजिम साधारण जगेडा कोष, संरक्षित पुंजी फिर्ता कोष, सहकारी प्रबर्धन कोष तथा अन्य कोषहरुमा नाफाबाट रकमान्तरण गरेको देखिन्छ ।

५.५ संस्थाले गरेको कारोबार त्यसको अख्तियारी भित्र रहेका र यी कारोबार सन्तोषजनक रुपमा भएको देखिन्छ। .

५.६ संस्थाको संचालक समिति वा कुनै संचालक वा संस्थाको कुनै कर्मचारीले लेखा सम्बन्धी कुनै ऐन कानुन विरुद्ध काम गरेको वा संस्थालाई कुनै हानी नोक्सानी वा बेहिसाब गरेको देखिदैन ।

**एस. एल. एम एण्ड एसोसिएट्स**
चार्टर्ड एकाउन्टेन्ट्स
सिए.सौरभ लाल श्रेष्ठ
**(साझेदार)**

मिति: २०७७/०६/०२
स्थान: पोखरा, नेपाल
**UDIN:** 200922CA01070rlyTC

## श्री संचय बहुउद्देशीय सहकारी संस्था लिमिटेड

**पोखरा म. न. पा. ८, कास्की**

### बित्तीय स्थितिको बिवरण (Balance Sheet)

**मिति २०७७/०३/३१ मा**

| बिवरण | अनुसूची | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|---|
| **पुंजी तथा दायित्व** | | | |
| शेयर पुँजी | १ | १२७,९४३,५००.०० | १२५,३७४,३००.०० |
| कोष हिसाब | २ | ६६,६३१,४७४.११ | ५८,२५५,०२६.०३ |
| बचत तथा निक्षेप | ३ | ४८४,६२८,३०३.४५ | ४९९,१९०,१३७.९९ |
| बाह्य ऋण तथा सापटी | | - | - |
| पुँजीगत अनुदान | | - | - |
| चालु दायित्व तथा ब्यवस्था | ४ | ४७,०६०,८९४.४० | ४२,४९१,६३२.६० |
| कर दायित्व | ५ | ३,०२७,२६५.५५ | ७,२९९,८७७.६९ |
| दीर्घकालीन दायित्व | | | |
| स्थगन कर दायित्व | | | |
| **जम्मा** | | **७२९,२९१,४३७.५१** | **७३२,६१०,९७४.३१** |
| **सम्पत्ति तथा जायजेथा** | | | |
| नगद मौज्दात | ६ | ६५५,१३४.२० | १०७,४३४.८६ |
| बैंक मौज्दात | ७ | १६५,७७५,६२७.६७ | १६४,३२२,२५२.८४ |
| लगानी हिसाब | ८ | २,३३०,५००.०० | २,३३०,५००.०० |
| कर्जा तथा सापटी लगानी | ९ | ५१४,१०८,३६५.०२ | ५२१,९३४,०४९.९३ |
| चालु सम्पत्ति | १० | २३,८५०,१५८.५६ | २१,१६८,७७०.०३ |
| स्थिर सम्पत्ति | ११ | २२,५७१,६५२.०६ | २२,७४७,९६६.६५ |
| अन्य दीर्घकालीन सम्पत्ति | | | |
| स्थगन कर सम्पत्ति | | | |
| **जम्मा** | | **७२९,२९१,४३७.५१** | **७३२,६१०,९७४.३१** |

प्रमुख लेखा नीति तथा टिप्पणीहरु १५

हाम्रो आजको मितिको संलग्न प्रतिबेदन अनुसार

सूर्य प्रसाद बराल
प्रवन्धक

राधा कृष्ण घिमिरे
कोषाध्यक्ष

नवराज पौडेल
सचिब

नारायण कार्की
अध्यक्ष

सिए. सौरभ लाल श्रेष्ठ
साझेदार
एस. एल. एम. एण्ड एशोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

मिति : २०७७/०६/०२
स्थान : पोखरा, नेपाल

**श्री संचय बहुउद्देशीय सहकारी संस्था लिमिटेड**

**पोखरा म. न. पा. ८, कास्की**

## नाफा/नोक्सान हिसाबको बिवरण (आय बिवरण)

**मिति २०७६/०४/०१ देखि २०७७/०३/३१ सम्म**

| बिवरण | लेखा टिप्पणी | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|---|
| **क. वित्तीय कारोबारबाटआम्दानी/(खर्च)** | | | |
| ब्याज आम्दानी | १२ | ७७,३७८,१५७.८२ | ७६,८७६,४४९.६५ |
| ब्याज खर्च | १३ | ५०,६१३,०१६.८२ | ४६,९२६,७९४.१७ |
| **वित्तीय कारोबारबाट खुद आम्दानी/(खर्च)** | | **२६,७६५,१४१.००** | **२९,९४९,६५५.४८** |
| ख. रेमिटेन्स कारोबारबाट कमिसन आम्दानी | १२ | १८५,३३२.९३ | २८५,६४९.०८ |
| **सम्पूर्ण उद्देश्य बाट प्राप्त कुल आम्दानी** | | **२६,९५०,४७३.९३** | **३०,२३५,३०४.५६** |
| अन्य संचालन आम्दानी | १२ | ६१९,९७१.३१ | ९९९,९०८.१९ |
| बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ब्याज | १२ | १४,३३६,३००.२१ | ११,९०७,७६८.२८ |
| **कुल संचालन आम्दानी** | | **४१,९०६,७४५.४५** | **४३,१४२,९८१.०३** |
| प्रशासनिक खर्च | १४ | ७,३७८,८७१.८८ | ६,७७३,२६१.५७ |
| ह्रास कट्टी खर्च | ११ | १८०,७१४.५६ | २१४,३०२.९४ |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको संचालन मुनाफा** | | **३४,३४७,१५९.०१** | **३६,१५५,४१६.५२** |
| सम्भावित नोक्सानी ब्यवस्था | ९ | १,२२३,५१४.२१ | - |
| **संचालन मुनाफा** | | **३३,१२३,६४४.८०** | **३६,१५५,४१६.५२** |
| गैर संचालन आम्दानी | १२ | २७५,८९९.४४ | ३३,९३८.१६ |
| सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता | ९ | - | ३,९१४,०७१.९९ |
| **नियमित कारोबारबाट भएको मुनाफा** | | **३३,३९९,५४४.२४** | **४०,१०३,४२६.६७** |
| असामान्य कारोबारबाट भएको आम्दानी/(खर्च) | | **-** | **-** |
| **सम्पूर्ण कारोबार समाबेश पछिको खुद मुनाफा** | | **३३,३९९,५४४.२४** | **४०,१०३,४२६.६७** |
| कर्मचारी बोनस | | **३,०३६,३२२.२०** | **३,६४५,७६६.०६** |
| **कर अघिको नाफा/(नोक्सान )** | | **३०,३६३,२२२.०३** | **३६,४५७,६६०.६१** |
| आयकर खर्च | | | |
| यस बर्षको आयकर ब्यवस्था | | ३,०२७,२६५.५५ | ७,२९९,८७७.६९ |
| गत बर्ष सम्मको आयकर खर्च | | १३३,११४.२७ | - |
| स्थगन कर आम्दानी /(खर्च ) | | | - |
| **खुद नाफा/(नोक्सान)** | | **२७,२०२,८४२.२१** | **२९,१५७,७८२.९२** |

प्रमुख लेखा नीति तथा टिप्पणीहरु १५

हाम्रो आजको मितिको संलग्न प्रतिबेदन अनुसार

सूर्य प्रसाद बराल
प्रवन्धक

राधा कृष्ण घिमिरे
कोषाध्यक्ष

नवराज पौडेल
सचिब

नारायण कार्की
अध्यक्ष

सिए. सौरभ लाल श्रेष्ठ
साझेदार
एस. एल. एम. एण्ड एशोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

मिति : २०७७/०६/०२
स्थान : पोखरा, नेपाल

# श्री संचय बहुउद्देशीय सहकारी संस्था लिमिटेड
पोखरा म. न. पा. ८, कास्की

## खुद नाफा/नोक्सान बाँडफाँडको बिवरण
आ.ब. २०७६/०७७ को

| बिवरण | प्रतिशत | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|---|
| **यस आ.ब.को मुनाफा** | | **२७,२०२,८४२.२१** | **२९,१५७,७८२.९२** |
| साधारण जगेडा कोष | २५% | ६,८००,७१०.५५ | ७,२८९,४४५.७३ |
| **बाँकी मुनाफा** | | **२०,४०२,१३१.६६** | **२१,८६८,३३७.१९** |
| **अन्य कोषमा बाँडफाँड** | | | |
| संरक्षित पुंजी फिर्ता कोष | २५% | ५,१००,५३२.९१ | ५,४६७,०८४.३० |
| सहकारी प्रबर्धन कोष | ०.५% | १०२,०१०.६६ | १०९,३४१.६९ |
| **बाँकी रकम** | | **१५,१९९,५८८.०९** | **१६,२९१,९११.२१** |
| शेयर लाभांश कोष | ७०% | १०,६३९,७११.६६ | ११,४०४,३३७.८४ |
| सहकारी शिक्षा कोष | ५% | ७५९,९७९.४० | ८१४,५९५.५६ |
| सहकारी विकास कोष | १०% | १,५१९,९५८.८१ | १,६२९,१९१.१२ |
| सामुदायिक विकास कोष | ५% | ७५९,९७९.४० | ८१४,५९५.५६ |
| घाटापूर्ति कोष | ५% | ७५९,९७९.४० | ८१४,५९५.५६ |
| अन्य जोखिम ब्यबस्थापन कोष | ५% | ७५९,९७९.४० | ८१४,५९५.५६ |
| **खुद संचित मुनाफा** | | - | - |

हाम्रो आजको मितिको संलग्न प्रतिबेदन अनुसार

सूर्य प्रसाद बराल
प्रवन्धक

राधा कृष्ण घिमिरे
कोषाध्यक्ष

नवराज पौडेल
सचिब

नारायण कार्की
अध्यक्ष

सिए. सौरभ लाल श्रेष्ठ
साझेदार
एस. एल. एम. एण्ड एशोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

मिति : २०७७/०६/०२
स्थान : पोखरा, नेपाल

**श्री संचय बहुउद्देशीय सहकारी संस्था लिमिटेड**
**पोखरा म. न. पा. ८, कास्की**

## नगद प्रवाह बिबरण
**मिति २०७६/०४/०१ देखि २०७७/०३/३१ सम्म**

| | बिबरण | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|---|
| क | **संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| | कर पछिको नाफा/(नोक्सान) | २७,२०२,८४२.२१ | २९,१५७,७८२.९२ |
| | समायोजन : | | |
| १ | ह्रास कट्टी | १८०,७१४.५६ | २१४,३०२.९४ |
| २. | क्षयिकरण खर्च | - | - |
| ३. | विभिन्न कोषको समायोजन | - | (१५,०३५,२५१.०१) |
| | **संचालन गतिविधिबाट नगद प्रवाह** | २७,३८३,५५६.७७ | १४,३३६,८३४.८५ |
| | चालु सम्पत्ति तथा दायित्वमा भएको परिवर्तन | | |
| १ | निक्षेप हिसाबमा बृद्धि/(कमि) | (१४,५६१,८३४.५४) | १०७,०५९,४७६.३१ |
| २. | अन्य दायित्व तथा ब्यवस्थामा बृद्धि/(कमि) | ४,५६९,२६१.७९ | ५,५२३,४९७.८४ |
| ३. | कर दायित्वमा बृद्धी/(कमि) | (४,२७२,६१२.१४) | |
| ४. | लगानीमा (बृद्धी)/कमि | ७,८२५,६८४.९१ | (९८,५२०,३४६.७४) |
| ५. | चालु सम्पत्तिमा (बृद्धी)/कमि | (२,६८१,३८८.४९) | (५,८३१,९९३.०९) |
| ६ | अन्य | | |
| | कुल कार्यशिल पुँजीबाट नगद प्रवाह | (९,१२०,८८८.४६) | ८,२३०,६३४.३२ |
| | **कुल संचालन गतिविधिबाट नगद प्रवाह (क)** | **१८,२६२,६६८.३१** | **२२,५६७,४६९.१७** |
| ख | **लगानी गतिविधिबाटको नगद प्रवाह** | | |
| १ | शेयर लगानी हिसाबमा कमि/वृद्धि | - | (९००,०००.००) |
| २ | स्थिर सम्पत्तिमा कमि/वृद्धि | (४,४००.००) | (२२५,४३७.००) |
| ३ | अन्य सम्पत्तिमा कमि/वृद्धि | - | - |
| | **कुल लगानी गतिविधिबाटको नगद प्रवाह (ख)** | **(४,४००.००)** | **(१,१२५,४३७.००)** |
| ग | **वित्तीय गतिविधिबाटको नगद प्रवाह** | | |
| १ | शेयर पुजी हिसाबमा कमि/वृद्धि | २,५६९,२००.०० | ५३,१८०,३००.०० |
| २ | ऋण लिएको हिसाबमा कमि/वृद्धि | - | - |
| ३ | लाभांश वितरण | (१८,८२६,३९४.१४) | ४,९०६,३८०.७० |
| | **कुल वित्तीय गतिविधिबाटको नगद प्रवाह (ग)** | **(१६,२५७,१९४.१४)** | **५८,०८६,६८०.७०** |
| घ | **कुल गतिविधिबाटको नगद प्रवाह (क+ख+ग)** | **२,००१,०७४.१७** | **७९,५२८,७१२.८७** |
| | शुरु नगद तथा बैंक मौज्दात | १६४,४२९,६८७.७० | ८४,९००,९७४.८३ |
| ङ | **चालु आ.ब. अन्तको नगद तथा बैंक मौज्दात** | **१६६,४३०,७६१.८७** | **१६४,४२९,६८७.७०** |

प्रमुख लेखा नीति तथा टिप्पणीहरु १५

हाम्रो आजको मितिको संलग्न प्रतिबेदन अनुसार

| सूर्य प्रसाद बराल | राधा कृष्ण घिमिरे | नवराज पौडेल | नारायण कार्की | सिए. सौरभ लाल श्रेष्ठ |
|---|---|---|---|---|
| प्रवन्धक | कोषाध्यक्ष | सचिब | अध्यक्ष | साझेदार |
| | | | | एस. एल. एम. एण्ड एशोसियट्स |
| | | | | चार्टर्ड एकाउन्टेन्ट्स |

मिति : २०७७/०६/०२
स्थान : पोखरा, नेपाल

# श्री संचय बहुउद्देशीय सहकारी संस्था लिमिटेड
पोखरा म. न. पा. ८, कास्की

## अनुसूची २: इक्वीटीमा भएको परिवर्तनको विवरण
मिति २०७६/०४/०१ देखि २०७७/०३/३१

| सि. नं. | विवरण | पुँजीकोष | साधारण जगेडा कोष | संरक्षित पुंजी फिर्ता कोष | सहकारी प्रबर्द्धन कोष | शेयर लाभांश कोष | सहकारी शिक्षा कोष | सहकारी विकास कोष | सामुदायिक विकास कोष | घाटापूर्ति कोष | अन्य जोखिम ब्यबस्थापन कोष | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | **शुरु मौज्दात** | १२५,३७४,३००.०० | ३६,३८६,६८८.८४ | ५,४६७,०८४.३० | १०९,३४१.६९ | ११,४०४,३३७.८४ | ८१४,५९५.५६ | १,६२९,१९१.१२ | ८१४,५९५.५६ | ८१४,५९५.५६ | ८१४,५९५.५६ | १८३,६२९,३२६.०३ |
| २ | लेखा नीतिमा भएको परिवर्तनको असर | | | | | | | | | | | - |
| ३ | **परिवर्तित मौज्दात** | १२५,३७४,३००.०० | ३६,३८६,६८८.८४ | ५,४६७,०८४.३० | १०९,३४१.६९ | ११,४०४,३३७.८४ | ८१४,५९५.५६ | १,६२९,१९१.१२ | ८१४,५९५.५६ | ८१४,५९५.५६ | ८१४,५९५.५६ | १८३,६२९,३२६.०३ |
| ४ | चुक्ता पुंजी थप/(फिर्ता) | २,५६९,२००.०० | | | | | | | | | | २,५६९,२००.०० |
| ५ | सम्पत्तिमा भएका पुनःमूल्यांकन | | | | | | | | | | | - |
| ६ | कोषबाट भएको भुक्तानी तथा खर्च | | | (५,४६७,०८४.३०) | (२०,२४९.१०) | (११,४०४,३३७.८४) | (८१४,५९५.५६) | (१,१२०,१२७.३४) | | | | (१८,८२६,३९४.१४) |
| ७ | विभिन्न कोषको समायोजन | - | २,९५२,८५०.४७ | - | - | - | | (५०९,०६३.७८) | (८१४,५९५.५६) | (८१४,५९५.५६) | (८१४,५९५.५६) | (०.००) |
| ८ | यस आ.ब.को खुद नाफा बाँडफाँड | - | ६,८००,७१०.५५ | ५,१००,५३२.९१ | १०२,०१०.६६ | १०,६३९,७११.६६ | ७५९,९७९.४० | १,५१९,९५८.८१ | ७५९,९७९.४० | ७५९,९७९.४० | ७५९,९७९.४० | २७,२०२,८४२.२१ |
| | **अन्तिम मौज्दात** | **१२७,९४३,५००.००** | **४६,१४०,२४९.८६** | **५,१००,५३२.९१** | **१९१,१०३.२४** | **१०,६३९,७११.६६** | **७५९,९७९.४०** | **१,५१९,९५८.८१** | **७५९,९७९.४०** | **७५९,९७९.४०** | **७५९,९७९.४०** | **१९४,५७४,९७४.११** |

SLR & ASSOCIATES ★ Chartered Accountants ★ Pokhara Nepal

## श्री संचय बहुउद्देशीय सहकारी संस्था लिमिटेड

**पोखरा म. न. पा. ८, कास्की**

**मिति २०७७/०३/३१ संग सम्बन्धित अनुसुचिहरु**

**शेयर पुंजी** — **अनुसूची १**

| बिबरण | चालु बर्षको रकम | गत बर्षको रकम |
|---|---|---|
| शेयर दर्ता किताब बमोजिम शेयर | १२७,९४३,५००.०० | १२५,३७४,३००.०० |
| **जम्मा** | **१२७,९४३,५००.००** | **१२५,३७४,३००.००** |

**बचत तथा निक्षेप** — **अनुसूची ३**

| बिबरण | चालु बर्षको रकम | गत बर्षको रकम |
|---|---|---|
| साधारण बचत | १६५,४४३,४३७.८२ | १४६,६१४,६३५.१२ |
| नियमित बचत | ४६,८८०,०५९.६३ | ४२,३०७,०५२.८७ |
| आवधिक बचत | २७२,३०४,८०६.०० | ३१०,२६८,४५०.०० |
| **जम्मा** | **४८४,६२८,३०३.४५** | **४९९,१९०,१३७.९९** |

**अन्य दायित्व तथा व्यवस्थाहरु** — **अनुसूची ४**

| विवरण | चालु बर्षको रकम | गत बर्षको रकम |
|---|---|---|
| इन्जीनियर कन्सल्टेन्सी धरौटी | १५०,०००.०० | १५०,०००.०० |
| सन्ड्री क्रेडीटर्स | ४४,४७५.०० | १,५१८,०००.०० |
| भुक्तानी दिन बाँकि ब्याज | १०,२१७,८२७.१६ | १४,९८६,८०३.३६ |
| ब्याज मुल्तवी | १४,०६८,३०४.९५ | ६,०२८,२९३.८६ |
| सदस्य कल्याणकारी कोष | ४,००८,०९२.७४ | ५,१६२,१३२.७४ |
| कर्मचारी अवकाश कोष | ८,६९७,८८९.८० | ६,३४९,५४७.६० |
| लेखापरीक्षण शुल्क | १११,५००.०० | १११,५००.०० |
| **भुक्तानी दिन बाँकी कर कट्टी** | | |
| घर बहाल कर कट्टी | ५,६४०.०० | २,८२०.०० |
| लेखापरीक्षण शुल्क कर कट्टी | १,५००.०० | १,५००.०० |
| सामाजिक शुरक्षा कर तथा पारिश्रमिक कर | ४,६००.२३ | २,०५७.९९ |
| ब्याज कर कट्टी | १,०८६,१०४.४४ | ६५५,२९५.१९ |
| अन्य कर कट्टी | ३९,६८७.३९ | २७,९८१.८९ |
| भुक्तानी दिन बाँकि लाभांश | २५,०४६.०० | ७२,५६०.५० |
| अन्य भुक्तानी दिन बाँकी रकम | २६,०००.०० | ७२,४२७.०० |
| **जम्मा ऋण नोक्सानी कोष ब्यबस्था** | ८,५७४,२२६.६८ | ७,३५०,७१२.४७ |
| **जम्मा** | **४७,०६०,८९४.४०** | **४२,४९१,६३२.६०** |

**कर दायित्व** — **अनुसूची ५**

| विवरण | चालु बर्षको रकम | गत बर्षको रकम |
|---|---|---|
| यस बर्षकोआयकर व्यवस्था | ३,०२७,२६५.५५ | ७,२९९,८७७.६९ |
| गत बर्ष सम्मको आयकर व्यवस्था | - | - |
| **जम्मा** | ३,०२७,२६५.५५ | ७,२९९,८७७.६९ |

**नगद मौज्दात बिबरण** — **अनुसूची ६**

| बिबरण | चालु बर्षको रकम | गत बर्षको रकम |
|---|---|---|
| नगद मौज्दात | ६५५,१३४.२० | १०७,४३४.८६ |
| **जम्मा** | **६५५,१३४.२०** | **१०७,४३४.८६** |

SLA & ASSOCIATES Pokhara Nepal Chartered Accountants

## श्री संचय बहुउद्देशीय सहकारी संस्था लिमिटेड

**पोखरा म. न. पा. ८, कास्की**

**मिति २०७७/०३/३१ संग सम्बन्धित अनुसुचिहरु**

**बैंक मौज्दात बिबरण** **अनुसूची ७**

| बिबरण | चालु बर्षको रकम | गत बर्षको रकम |
|---|---|---|
| **बैंक मुद्दती हिसाब** | | |
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | ४०,०००,०००.०० | २०,०००,०००.०० |
| गरिमा विकास बैंक लिमिटेड | २५,०००,०००.०० | १०,०००,०००.०० |
| कैलाश बिकाश बैंक लिमिटेड | - | १०,०००,०००.०० |
| मेघा बैंक लिमिटेड (साबिकको गण्डकी विकास लिमिटेड) | - | १०,०००,०००.०० |
| ज्योति विकास बैंक लिमिटेड | ५,०००,०००.०० | - |
| ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | २०,०००,०००.०० | - |
| **जम्मा (क)** | **९०,०००,०००.००** | **५०,०००,०००.००** |
| **कल तथा चालु बैंक खाता हिसाब** | | |
| एन सी सी बैंक लिमिटेड (साविकको एपेक्स वि. बैंक लि.मा रहेको खाता) | १६,५४१.२६ | ६१५,८८२.०२ |
| सिद्धार्थ बैंक लिमिटेड | ५,३०३,९२८.६३ | ९,९१८,४५४.७३ |
| क्यापिटल मर्चेन्ट विकास बैंक लिमिटेड | २,५५४,६८१.८० | २,५५४,६८१.८० |
| रास्ट्रिय सहकारी बैंक लिमिटेड | १२,६७७,६०३.४५ | ४०,४३०,०९०.०५ |
| सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड | २,९४०,२८०.२८ | ७,६७७.२० |
| गरिमा विकास बैंक लिमिटेड | ७,११७,४३९.८५ | २,८८०,०८६.२७ |
| प्राइम बैंक लिमिटेड (साबिकको कैलाश विकास बैंक लिमिटेड) | ९,८४४,१९५.३२ | १३,८५८,९७८.५४ |
| नेपाल एक्सप्रेस फाइनान्स लिमिटेड | - | ७१३,८९२.२१ |
| कामना सेवा बिकास बैंक लिमिटेड | १,९४६,२९९.३५ | १२,४४४,८७५.३९ |
| लुम्बिनी विकास बैंक लिमिटेड | ८,६४९,८७७.२३ | १,७२४,२४१.७० |
| सिभिल बैंक लिमिटेड | ३,५९०,०४७.५५ | १३३,१२०.०९ |
| मेगा बैंक लिमिटेड | १,०००.०० | १,०००.०० |
| आइ.एम.ई कोअपरेटिभ | २५२,७००.२८ | ५३९,५१३.४० |
| पोखरा फाइनान्स लिमिटेड | ११,२२१,२७१.२४ | १२,७९६,५२७.३४ |
| मुक्तिनाथ विकास बैंक लिमिटेड | ४,६८६,३९८.६७ | ८०५,८१९.६९ |
| माछापुच्छ्रे बैंक लिमिटेड | ३४,६४०.५० | ६,१९४,३६४.८६ |
| ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १,५४२,८१४.२० | ८,०६८,७७६.१४ |
| मेघा बैंक लिमिटेड (साबिकको गण्डकी विकास बैंक लिमिटेड) | ३,३७६,००३.९६ | ६३४,२७१.४१ |
| ज्योति विकास बैंक लिमिटेड | १९,९०४.१० | |
| **जम्मा (ख)** | ७५,७७५,६२७.६७ | **११४,३२२,२५२.८४** |
| **जम्मा** | **१६५,७७५,६२७.६७** | **१६४,३२२,२५२.८४** |

**शेयर लगानी हिसाब** **अनुसूची ८**

| बिबरण | चालु बर्षको रकम | गत बर्षको रकम |
|---|---|---|
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | १,०००,०००.०० | १,०००,०००.०० |
| जिल्ला सहकारी संघ लिमिटेड | ५,०००.०० | ५,०००.०० |
| कास्की बचत तथा ऋण सहकारी संघ लिमिटेड | ५,०००.०० | ५,०००.०० |
| साहास उर्जा कम्पनि लिमिटेड (साबिकको साहास हाइड्रोपावर क. लि.) | १,०००,०००.०० | १,०००,०००.०० |
| क्यापिटल मर्चेन्ट बैंक | ३२०,५००.०० | ३२०,५००.०० |
| **जम्मा** | **२,३३०,५००.००** | **२,३३०,५००.००** |

SLM & ASSOCIATES Pokhara Nepal Chartered Accountants

# श्री संचय बहुउद्देशीय सहकारी संस्था लिमिटेड

**पोखरा म. न. पा. ८, कास्की**

**मिति २०७७/०३/३१ संग सम्बन्धित अनुसुचिहरु**

**कर्जा लगानी हिसाब** **अनुसूची ९**

| बिबरण | चालु बर्षको रकम | गत बर्षको रकम |
|---|---|---|
| ब्यबसायीक कर्जा | २७०,३८१,१५२.४१ | २५९,७५१,६००.०५ |
| आवास कर्जा | ८,५३६,२३९.४३ | १०,७६७,३१३.३६ |
| हायर पर्चेज कर्जा | - | ३३४,९५७.५३ |
| व्यक्तिगत कर्जा | २०९,७०५,९७३.१८ | २४६,९५६,३०७.८९ |
| निक्षेप कर्जा | २५,४८५,०००.०० | २,५९३,३०१.३६ |
| कृषि कर्जा | - | १,५१५,०००.०० |
| सामाजिक कर्जा | | १५,५६९.७४ |
| **जम्मा** | **५१४,१०८,३६५.०२** | **५२१,९३४,०४९.९३** |

| कर्जा बर्गिकरण | खराब कर्जा व्यवस्था प्रतिशत | चालु बर्षको रकम | गत बर्षको रकम |
|---|---|---|---|
| असल कर्जा | | ५०५,३१९,३१४.५८ | ५१७,८७०,८५२.०० |
| नोक्सानी व्यवस्था | १.००% | ५,०५३,१९३.१५ | ५,१७८,७०८.५२ |
| शंकास्पद कर्जा | | ८,१०४,६४१.३९ | २,९०९,५२९.३१ |
| नोक्सानी व्यवस्था | ३५.००% | २,८३६,६२४.४९ | १,०१८,३३५.२६ |
| खराब कर्जा | | ६८४,४०९.०५ | १,१५३,६६८.६९ |
| नोक्सानी व्यवस्था | १००.००% | ६८४,४०९.०५ | १,१५३,६६८.६९ |
| **जम्मा नोक्सानी व्यवस्था** | | **८,५७४,२२६.६८** | **७,३५०,७१२.४७** |
| गत बर्ष सम्मको व्यवस्था | | ७,३५०,७१२.४७ | ११,२६४,७८४.४६ |
| **यस बर्षको व्यवस्था खर्च** | | **१,२२३,५१४.२१** | **-** |
| **यस बर्षको व्यवस्था आम्दानी** | | **-** | **३,९१४,०७१.९९** |

**चालु सम्पत्ति** **अनुसूची १०**

| बिबरण | चालु बर्षको रकम | गत बर्षको रकम |
|---|---|---|
| पाउनुपर्ने ब्याज हिसाब | १४,०६८,३०४.९५ | ६,०२८,२९३.८६ |
| **धरौटी रकम** | | |
| दुर संचार धरौटी | १,५००.०० | १,५००.०० |
| इन्टरनेट धरौटी | २,०००.०० | २,०००.०० |
| रेमिट्यान्स धरौटी | ८००,०००.०० | ५००,०००.०० |
| **अग्रिम आयकर** | | |
| अग्रिम आयकर दाखिला | २,२००,०००.०० | ५,६५०,०००.०० |
| आम्दानीमा कर कट्टी भएको रकम | २,२१७,३८३.६१ | १,८२२,११५.९६ |
| पुर्व भुक्तानी खर्च | ८३,६९६.९५ | १,९४५.०० |
| सदस्यबाट पाउन बाँकी | ३,९६१,४९७.०० | ६,४४७,११२.०० |
| **रेमिट्यान्स कम्पनीहरुबाट पाउन बाँकी** | | |
| संचय मनि ट्रान्सफर | ३४०,९३८.७७ | ३४०,९३८.७७ |
| प्रभु म्यानेजमेन्ट प्रा लि | ५२३.६५ | ५६,५३३.०० |
| हिमाल रेमिट | ५०,००९.०० | ९९,९९९.६७ |
| सिटि एक्सप्रेस रेमिट | २०,८७४.०१ | २,११२.०० |
| आइ.एम.ई रेमिट | १५,८४७.२० | ७,२७८.९७ |
| मसलन्द मौज्दात | ८१,६३०.९६ | १०६,९४९.५० |
| अन्य पाउनुपर्ने हिसाब | ५,९५२.४६ | १०१,९११.३० |
| **जम्मा** | **२३,८५०,१५८.५६** | **२१,१६८,७७०.०३** |

**श्री संचय बहुउद्देशीय सहकारी संस्था लिमिटेड**
**पोखरा म. न. पा. ८, कास्की**

**अनुसूची ११**

**सम्पत्ति किसिमका सामानहरुको ह्रासकट्टी विवरण (२०७७/०३/३१ मा )**

| विवरण | ह्रास कट्टी दर | परल मूल्य | | | ह्रासकट्टी | | | बाकी मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको | यस वर्षको थप | जम्मा | गत वर्षको | यस वर्षको | जम्मा | यस वर्षको | गत वर्षको |
| समूह 'क' | | | | | | | | | |
| जग्गा | ०.००% | २२,०००,०००.०० | - | २२,०००,०००.०० | - | - | - | २२,०००,०००.०० | २२,०००,०००.०० |
| भवन तथा कम्पाउण्ड | ५.००% | - | - | - | - | - | - | - | - |
| | | | | | | | | | |
| समूह 'ख' | | | | | | | | | |
| कम्प्युटर उपकरण | २५.००% | ३९४,७७६.०० | | ३९४,७७६.०० | २६६,०६०.७० | ३२,१७८.८२ | २९८,२३९.५२ | ९६,५३६.४६ | १२८,७१५.३० |
| फर्निचर तथा फिक्चर्स | २५.००% | ५३९,८१३.८२ | ४,४००.०० | ५४४,२१३.८२ | ४५०,९८१.४७ | २३,३०८.०९ | ४७४,२८९.५६ | ६९,९२४.२५ | ८८,८३२.३५ |
| कार्यालय सामान तथा उपकरण | २५.००% | १,००९,७९२.०० | | १,००९,७९२.०० | ७०५,२६१.५५ | ७६,१३२.६१ | ७८१,३९४.१६ | २२८,३९७.८४ | ३०४,५३०.४५ |
| | | | | | | | | | |
| समूह 'ग' | | | | | | | | | |
| सवारीसाधन | २०.००% | ३१५,६०४.३९ | - | ३१५,६०४.३९ | २१७,०२९.१७ | १९,७१५.०४ | २३६,७४४.२१ | ७८,८६०.१८ | ९८,५७५.२२ |
| | | | | | | | | | |
| समूह 'घ' | | - | | - | | | | | |
| प्लान्ट तथा मेसिनरी | १५.००% | - | - | - | - | - | - | - | - |
| | | | | | | | | | |
| समूह 'ङ' | | | | | | | | | |
| लिजहोल्ड सम्पत्ती | ५.००% | १४७,६९४.०० | - | १४७,६९४.०० | १४७,६९४.०० | - | १४७,६९४.०० | - | - |
| सफ्ट्वेर | २०.००% | १४६,९००.०० | | १४६,९००.०० | १९,५८६.६७ | २९,३८०.०० | ४८,९६६.६७ | ९७,९३३.३३ | १२७,३१३.३३ |
| **जम्मा** | | **२४,५५४,५८०.२१** | **४,४००.००** | **२४,५५८,९८०.२१** | **१,८०६,६१३.५६** | **१८०,७१४.५६** | **१,९८७,३२८.१२** | **२२,५७१,६५२.०६** | **२२,७४७,९६६.६५** |

SLM & ASSOCIATES Pokhara Nepal Chartered Accountants

## श्री संचय बहुउद्देशीय सहकारी संस्था लिमिटेड

पोखरा म. न. पा. ८, कास्की

### मिति २०७७/०३/३१ संग सम्बन्धित अनुसुचिहरु

**सहकारीको आम्दानी हिसाब बिबरण** — अनुसूची १२

| क.सं | बिबरण | चालु बर्षको रकम | गत बर्षको रकम |
|---|---|---|---|
| क | **ऋण लगानीमा ब्याज आम्दानी** | | |
| १ | ऋणबाट ब्याज आम्दानी | ७७,३७८,१५७.८२ | ७६,८७६,४४९.६५ |
| | जम्मा | **७७,३७८,१५७.८२** | **७६,८७६,४४९.६५** |
| ख | **रेमिटेन्स कारोबारबाट कमिसन आम्दानी** | | |
| १ | रेमिट्यान्स कमिसन | १८५,३३२.९३ | २८५,६४९.०८ |
| | जम्मा | **१८५,३३२.९३** | **२८५,६४९.०८** |
| ग | **अन्य संचालन आम्दानी** | | |
| १ | हर्जाना तथा बिलम्ब शुल्क | २७०.०० | ६५१,४९६.५८ |
| २ | ब्यबस्थापन शुल्क | ४१९,५९६.०० | २४४,६७०.०० |
| ३ | सदस्यता शुल्क | ६१,०००.०० | ७५,५००.०० |
| ४ | विविध | १३९,१०५.३१ | २८,२४१.६१ |
| | जम्मा | **६१९,९७१.३१** | **९९९,९०८.१९** |
| घ | **बैंकबाट ब्याज आम्दानी** | | |
| १ | बैंकबाट ब्याज आम्दानी | १४,३३६,३००.२१ | ११,९०७,७६८.२८ |
| | जम्मा | **१४,३३६,३००.२१** | **११,९०७,७६८.२८** |
| ङ | **लाभांश आम्दानी** | | |
| १ | लाभांश | २७५,८९९.४४ | ३३,९३८.१६ |
| | जम्मा | **२७५,८९९.४४** | **३३,९३८.१६** |
| | **जम्मा (क+ख+ग+घ+ङ)** | **९२,७९५,६६१.७१** | **९०,१०३,७१३.३६** |

**ब्याज खर्चको हिसाब बिबरण** — अनुसूची १३

| क.सं | बिबरण | चालु बर्षको रकम | गत बर्षको रकम |
|---|---|---|---|
| क | **ब्याज खर्च** | **५०,६१३,०१६.८२** | **४६,९२६,७९४.१७** |
| १ | खर्च निक्षेप ब्याज | ५०,६१३,०१६.८२ | ४६,९२६,७९४.१७ |
| ख | **कर्जा ब्याज खर्च** | **-** | **-** |
| २ | कर्जा ब्याज खर्च | - | - |
| | **जम्मा (क+ख)** | **५०,६१३,०१६.८२** | **४६,९२६,७९४.१७** |

& ASSOCIATES
Pokhara Nepal
Chartered Accountants

**श्री संचय बहुउद्देशीय सहकारी संस्था लिमिटेड**

**पोखरा म. न. पा. ८, कास्की**

## मिति २०७७/०३/३१ संग सम्बन्धित अनुसुचिहरु

**प्रशासनिक खर्च विवरण** — **अनुसूची १४**

| क.सं | बिबरण | चालु बर्षको रकम | गत बर्षको रकम |
|---|---|---|---|
| | | | |
| **क** | **कर्मचारी खर्च** | **३,३८९,२४९.९०** | **२,९१२,९९६.००** |
| १ | तलब तथा ग्रेड | २,४०५,९९२.०० | २,०३३,६४०.०० |
| २ | संचयकोष थप | १७६,५८७.३० | १४४,७१४.०० |
| ३ | अतिरिक्त समय भत्ता | ७०,५५३.०० | १७,६२७.०० |
| ४ | दशैं भत्ता | १८७,७४४.०० | १४२,०९५.०० |
| ५ | कर्मचारी भत्ता | ५१८,४००.०० | ५२२,६००.०० |
| ६ | कर्मचारी बिदा भत्ता | २९,९७३.६० | ५२,३२०.०० |
| **ख** | **अन्य संचालन खर्च** | **३,९८९,६२१.९८** | **३,८६०,२६५.५७** |
| १ | घरभाडा खर्च | ३३८,४००.०० | ३३८,४००.०० |
| २ | टेलिफोन तथा संचार खर्च | ९९,०८३.१६ | १२३,३६३.३० |
| ३ | बिजुली तथा पानी खर्च | ३६,७९८.०० | ३१,५६०.०० |
| ४ | मर्मत खर्च - (समूह 'ख') | २१,१४९.०० | ३९,२१२.०० |
| ५ | मर्मत खर्च - (समूह 'ग') | | - |
| ६ | बिमा खर्च | ३७,८६६.०० | ३६,७०२.९५ |
| ७ | इन्धन तथा यातायात खर्च | १८६,२६५.०० | ३३९,२३५.०० |
| ८ | लेखापरीक्षण शुल्क | ११३,०००.०० | ११३,०००.०० |
| ९ | लेखापरीक्षण खर्च | - | १,११५.०० |
| १० | मसलन्द तथा छपाई खर्च | ६४,३४३.५४ | ८८,२५०.८८ |
| ११ | कार्यालय खाजा खर्च | २७९,४००.०० | ३२३,३००.०० |
| १२ | बैठक भत्ता | ५११,५००.०० | ३९३,०००.०० |
| १३ | सामाजिक उत्तरदायित्व खर्च | ३७,५००.०० | ४१,५००.०० |
| १४ | वार्षिकोत्सव कार्यक्रम खर्च | २६,८९५.०० | २४,६७९.०० |
| १५ | अतिथि सत्कार खर्च | ७२,२९९.१० | ५६,७६६.०० |
| १६ | बिबिध खर्च | ८७,३५९.०० | २८०,०५२.०२ |
| १७ | साधारण सभा खर्च | १,४९१,५७४.१८ | १,१३१,४८५.०० |
| १८ | सुरक्षा खर्च | २०३,४००.०० | १९४,९२५.०० |
| १९ | कार्यालय सरसफाई खर्च | ५,०७०.०० | १,११५.०० |
| २० | पुस्तक/पत्रपत्रिका खर्च | ८,३००.०० | २५,४२७.५० |
| २१ | सफ्टवेयर नविकरण खर्च | १५१,४२०.०० | १६,६७६.९२ |
| २२ | अध्यक्ष भत्ता | १०८,०००.०० | १०८,०००.०० |
| २३ | सहकारी दिवस, तालिम तथा अन्तर्क्रिया खर्च | - | ४२,५००.०० |
| २४ | कर्मचारी पोशाक खर्च | ११०,०००.०० | ११०,०००.०० |
| | **जम्मा (क+ख)** | **७,३७८,८७१.८८** | **६,७७३,२६१.५७** |

SLA & ASSOCIATES Pokhara Nepal Chartered Accountants

## श्री संचय बहुउद्देशीय सहकारी संस्था लिमिटेड

पोखरा म. न. पा. ८, कास्की

अनुसूची १५

### प्रमुख लेखा नीति

**१. सामान्य जानकारी:**

श्री संचय बहुउद्देशीय सहकारी संस्था लि. सहकारी ऐन २०४८ बमोजिम नेपालमा स्थापना भएको सहकारी संस्था हो ।यस संस्थाको रजिस्टर्ड कार्यालय पोखरा म.न.पा. ८, सिर्जनाचोकमा रहेको छ । यस संस्थाले आफ्ना सदस्यहरु माझ बचत तथा ऋण कारोबार एवम् रेमिट्यान्स कारोबार संचालन गर्दै आएको छ ।

**२. वित्तीय विवरण प्रस्तुतिकरण र लेखापालनको आधार :**

क) प्रस्तुत लेखा नीतिहरुमा अन्यथा उल्लेख भएका अवस्थाहरु बाहेक संस्थाको आर्थिक कारोबारहरुको लेखा नेपाल लेखामान, लेखाको सर्वमान्य सिद्धान्तहरु, सहकारी ऐन नियम तथा सहकारी विभागद्वारा जारी निर्देशनहरुको अधिनमा रही तथा आ.ब.२०७६/७७ लाई लागु हुने निर्देशनहरु बमोजिम तयार पारिएको छ।

ख) वित्तीय विवरणहरू अन्यथा उल्लेख गरिएकोमा बाहेक ऐतिहासिक मूल्य अवधारणा अनुरुप तयार गरिएका छन् ।

ग) अन्यथा उल्लेख गरिएकोमा बाहेक वित्तीय कारोवारहरु प्रोदभावी आधार (Accrual Basis) मा लेखांकन गरि सोही अनुरुप वित्तीय विवरणहरु तयार गरिएको छ ।

**३. स्थिर सम्पत्तिमा ह्रास कट्टी नीति:**

क) स्थिर सम्पत्तिहरुलाई ऐतिहासिक लागत अवधारणा अनुरुप लेखांकनगरि देखाइएको छ ।

ख) स्थिर सम्पत्तिमा ह्रास कट्टी पश्चात बाँकी रहेको रकम देखाइएको छ ।

ग) स्थिर सम्पत्तिको ह्रास कट्टी कम्प्युटर सफ्टवेयरमा SLM प्रणाली अनुसार र अन्य सम्पत्तिमा घट्दो ह्रास कट्टी दर प्रणाली (WDV) अनुसार नाफा नोक्सान हिसाबमा लेखांकन गरिएको छ।स्थिर सम्पत्तिमा खरिद मितिका आधारमा प्रचलित आयकर ऐन २०५८ को व्यवस्था बमोजिम निम्न दरमा ह्रास कट्टी गरिएको छ।

| | | | |
|---|---|---|---|
| फर्निचर फिक्सचर | २५ % | कम्प्युटर उपकरण | २५ % |
| अन्य कार्यालय सामान | २५ % | सवारीसाधन | २० % |
| कम्प्युटर सफ्टवेयर | २० % | | |

**४. लगानी नीति तथा कर्जा नोक्सानी व्यवस्था :**

अन्य संस्थाको शेयरमा गरेको लगानीलाई लागतका आधारमा लेखांकन गर्ने नीति लिइएको छ ।यस संस्थाको कर्जा लगानीलाई लागतका आधारमा लेखांकन गरि उक्त कर्जाको आयु वर्गीकरण गरी सोका आधारमा कर्जा नोक्सानी व्यवस्था कोष खडा गरिएको छ।

**५. मौज्दात लेखांकन नीति :**

संस्थाले मसलन्द सामग्रीको मौज्दातलाई खरिद मूल्यका आधारमा मुल्यांकन गरि देखाएको छ।

SLM & ASSOCIATES Pokhara Nepal Chartered Accountants

**६. ब्याज खर्च लेखांकन नीति :**

क) निक्षेप दायित्वमा तिर्नुपर्ने ब्याजलाई पाकेको आधारमा लेखांकन गरिएको छ।

ख) निक्षेपमा दिईने ब्याज ३६५ दिनलाई १ वर्षको आधार मानी गणना गरिएको छ ।

**७. ब्याज आम्दानी लेखांकन नीति :**

संस्थाले प्रदान गरेको कर्जामा हुने ब्याज आम्दानीलाई नगद प्राप्तिको आधारमा लेखांकन गर्ने नीति लिइएको छ । पाउनुपर्ने तर प्राप्त नभएको ब्याजलाई पाउनु पर्ने हिसाबमा देखाई सोहि बराबरको रकमलाई ब्याज मुल्तबी हिसाबमा देखाइएको छ ।

**८. आयकर व्यवस्था नीति :**

संस्थाले तिर्नु पर्ने आयकर व्यवस्थाको गणना आयकर ऐन २०५८ बमोजिम गरिएको छ ।

**९. अन्य कोषको लेखांकन नीति**

संस्थाले सहकारी ऐनको ब्यबस्था बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोषमा २५ प्रतिशत छुट्याई बाँकी रकमलाई १०० प्रतिशत मानी २५% संरक्षित पुंजी फिर्ता कोष र ०.५% सहकारी प्रबर्धन कोषमा छुट्याइ बाँकी रकम .लाई १००% मानी निम्नानुसारको कोषको व्यवस्था गरेको छ :

| | | |
|---|---|---|
| क) | शेयर लाभांश कोष | ७०% |
| ख) | सहकारी शिक्षा कोष | ५% |
| ग) | सहकारी विकास कोष | १०% |
| घ) | सामुदायिक विकास कोष | ५% |
| ङ) | घाटा पूर्ति कोष | ५% |
| च) | अन्य जोखिम ब्यबस्थापन कोष | ५% |

SLA & ASSOCIATES Pokhara Nepal Chartered Accountants

# श्री संचय बहुउद्देशीय सहकारी संस्था लिमिटेड

पोखरा म. न. पा. ८, कास्की

## लेखा सम्बन्धि टिप्पणीहरु

**१. कर्जा सापटी तथा लगानीको आयु बर्गिकरण:**

यस आ. ब मा कोभिड-१९ को विश्व ब्यापी महामारीलाई मध्यनजर गर्दै सहकारी विभागले जारी गरेको परिपत्रलाई पालना गर्दै तोकिएको समयभित्र ऋणको ब्याज र किस्ता भुक्तान गर्न नसकेको ऋणीहरुको हकमा, २०७६ पौष मसान्तमा PEARLS मुल्यांकन प्रणाली बमोजिम जे जति प्रतिशत कर्जा नोक्सानी कोष व्यवस्था गरिएको छ, त्यस्ता ऋणी सदस्यको हकमा २०७७ आषाढ मसान्तसम्मको लागि संस्थाले आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था मिलाई त्यति नै प्रतिशत कर्जा नोक्सानी कोषको व्यवस्था गरेको छ।

| विवरण | यस बर्षको | गत बर्षको | वृद्धि % |
|---|---|---|---|
| असल कर्जा | ५०५,३१९,३१४.५८ | ५१७,८७०,८५२.०० | -२% |
| शंकास्पद कर्जा | ८,१०४,६४१.२९ | २,९०९,५२९.३१ | १७९% |
| खराब कर्जा | ६८४,४०९.०५ | १,१५३,६६८.६९ | -४१% |
| **जम्मा** | ५१४,१०८,३६५.०२ | ५२१,९३४,०४९.९३ | -१% |

**२. आर्थिक बर्ष भरिमा निक्षेप दायित्वमा भएको परिवर्तन :**

| विवरण | यस बर्षको | गत बर्षको | वृद्धि % |
|---|---|---|---|
| निक्षेप हिसाब | ४८४,५२८,३०३.४५ | ४९९,११०,१३७.९९ | -३% |

**३. आयकर व्यवस्था:**

यस वर्ष संस्थाले आयकर ऐन अनुसार रेमिट्यान्स कारोबारमा २०% का दरले रु. ३७,०६६.५९ र बचत तथा ऋण कारोबारमा १०% का दरले रु. २,९९०,१९८.९६ गरि जम्मा रु. ३,०२७,२६५.५५ बराबरको आयकर व्यवस्था गरेको छ।

**४. ब्याजमुल्तबी :**

पाकेको तर असुल नभएको ब्याज रु. १,४०६८,३०४.९५ लाई ब्याज मुल्तबी हिसाबमा लेखांकन गरिएको छ।

**५. कर्मचारी बोनस कोष तथा कर्मचारी अवकाश कोष :**

श्रम ऐन को व्यवस्था अनुरुप संस्थाको कर अघिको नाफाको १०% हुने गरि कर्मचारी बोनस कोष खर्च छुट्याइएको छ । उक्त कोषबाट नियमानुसार रकम बाँडफांड गरि बाकि रहेको रकम कर्मचारी अवकाश कोषमा सारिएको छ ।

SLM & ASSOCIATES Pokhara Nepal Chartered Accountants

**६. सम्बन्धित पक्षसँगको कारोबार :**

संस्थाले संचालक अध्यक्षलाई मासिक भत्ता रु.९,०००, र बैठकमा उपस्थित भएको बेला रु.१,०००, तथा अन्य संचालक तथा लेखा समीति र ऋण समितिका पदाधिकारीलाई बैठक बसेको बेला रु १,००० बैठक भत्ता दिने गरेको छ ।

यस आर्थिक बर्षमा संस्थाले यस संस्थाको अध्यक्ष श्री नारायण कार्कीलाई अध्यक्ष भत्ता बापत रु. १०८,०००.००, संचालक समिति, लेखा समिति र अन्य समितिका पदाधिकारीहरुलाई बैठक भत्ता तथा यातायात खर्च बापत रु. ५,११,५००.०० तथा प्रबन्धक श्री सुर्य प्रसाद बराललाई तलब तथा भत्ता बापत रु. ७,२९,९१६.०० आयकर ऐन अनुसार आवश्यक कर कट्टी गरि भुक्तानी गरेको छ ।

७. अघिल्लो बर्षको रकमलाई आवश्यकता अनुसार समायोजन गरिएको छ ।

# श्री संचय बहुउद्देशीय सहकारी संस्था लिमिटेड
**पोखरा म. न. पा. ८, कास्की**

**आयकर व्यवस्था हिसाब: आ ब. २०७६/७७**

| विवरण | | | रकम |
|---|---|---|---|
| कर अघिको नाफा/(नोक्सान ) | | | ३०,३६३,२२२.०३ |
| **जोड्ने** | | | |
| ह्रास खर्च | | १८०,७१४.५६ | |
| मर्मत सम्भार खर्च- समुह ख | | २१,१४९.०० | |
| अघिल्लो बर्षको कर खर्च | | | २०१,८६३.५६ |
| **घटाउने** | | | |
| घटाउन मिल्ने ह्रास खर्च | | १८०,७१४.५६ | |
| घटाउन मिल्ने मर्मत खर्च समूह ख : यी मध्ये कम : | | | |
| ७% रकम | ३६,८५३.४७ | | |
| वास्तविक खर्च | २१,१४९.०० | २१,१४९.०० | |
| लाभांश आम्दानी | | २७५,८९९.४४ | ४७७,७६३.०० |
| | | | |
| **कर योग्य आय** | | | ३०,०८७,३२२.५९ |
| **रेमिटेन्स आम्दानीको नाफा** | | | १८५,३३२.९३ |
| **कर दर** | **२०.००%** | | ३७,०६६.५९ |
| **बाँकि नाफा** | | | २९,९०१,९८९.६६ |
| **कर दर** | **१०.००%** | | २,९९०,१९८.९७ |
| **जम्मा आयकर ब्यबस्था** | | | ३,०२७,२६५.५५ |

& ASSOCIATES Pokhara Nepal Chartered Accountants

## श्री संचय बहुउद्देशीय सहकारी संस्था लिमिटेड
पोखरा म. न. पा. ८, कास्की

### कर्मचारी तलब खर्च विवरण : आ.ब. २०७६/७७

| क्र.स. | नाम | पद | आधारभूत तलब (ग्रेड सहित) | कर्मचारी भत्ता | अतिरिक्ति समय भत्ता | दशैं भत्ता | बिदा बापतको तलब | संचयकोष थप | जम्मा तलब | कर्मचारी बोनस | अवकाश कोष रकम | जम्मा पारिश्रमिक | संचयकोष/बीमा कट्टी | कर योग्य तलब | सा. सुरक्षा कर | पारिश्रमिक कर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सूर्य प्रसाद बराल | प्रबन्ध संचालक | ३६२,५००.०० | २४०,०००.०० | ४,९९६.०० | २५,०००.०० | २२,५००.०० | - | ६५४,९९६.०० | ७५,०००.०० | | ७२९,९९६.०० | - | ७२९,९९६.०० | ४,५००.०० | ४५,९८३.२० |
| ३ | लिला बहादुर श्रेष्ठ | ऋण अधिकृत | ८७,४६८.०० | १४,४००.०० | ४,२४५.०० | २१,८६७.०० | | ८,५६०.१० | १३६,५४०.१० | ५१,६००.०० | २२६,०७०.०० | ४१४,२१०.१० | १७,१२०.२० | ३९७,०८९.९० | ३,९७०.९० | - |
| ४ | दीपा श्रेष्ठ | लेखा अधिकृत | २६२,४०४.०० | ४३,२००.०० | १,६९८.०० | २१,८६७.०० | - | २६,०५३.७० | ३५५,२२२.७० | ५१,६००.०० | | ४०६,८२२.७० | ५२,१०७.४० | ३५४,७१५.३० | ३,५४७.१५ | - |
| ५ | सुनिता सिग्देल सुबेदी | सहायक | २२४,२०८.०० | ३६,०००.०० | १,४४६.०० | १८,६८४.०० | | २२,३०२.४० | ३०२,६४०.४० | ४३,८००.०० | | ३४६,४४०.४० | ४४,६०४.८० | ३०१,८३५.६० | ३,०१८.३६ | - |
| ६ | उमाकान्त पराजुली | सहायक | २२४,२०८.०० | ३६,०००.०० | ९,३९९.०० | १८,६८४.०० | ७,४७३.६० | २२,३०२.४० | ३१८,०६७.०० | ४३,८००.०० | | ३६१,८६७.०० | ४४,६०४.८० | ३१७,२६२.२० | ३,१७२.६२ | - |
| ७ | संगीता गुरुङ | सहायक | २१०,९१२.०० | २८,८००.०० | ३,३२५.०० | १७,५७६.०० | - | २०,८९६.१० | २८१,५०९.१० | ४१,७९०.०० | | ३२३,२९९.१० | ४१,७९२.२० | २८१,५०६.९० | २,८१५.०७ | - |
| ८ | गौरब बिक्रम थापा | सहायक | २०७,७३२.०० | २८,८००.०० | १५,१११.०० | १७,३११.०० | - | २०,६०४.६० | २८९,५५८.६० | ४०,९९५.०० | | ३३०,५५३.६० | ४१,२०९.२० | २८९,३४४.४० | २,८९३.४४ | - |
| ९ | सोनिया पुरी | सहायक | १९७,३५२.०० | २८,८००.०० | १०,६७५.०० | १६,४४६.०० | - | १९,६५३.१० | २७२,९२६.१० | ३८,४००.०० | | ३११,३२६.१० | ३९,३०६.२० | २७२,०२०.९० | २,७२०.२१ | - |
| १० | नीपेन्द्र राज शाक्य | सहायक | २००,९५२.०० | २८,८००.०० | १,२०६.०० | १६,७४६.०० | - | १९,९८३.१० | २६७,६८७.१० | ३९,३००.०० | | ३०६,९८७.१० | ३९,९६६.२० | २६७,०२०.९० | २,६७०.२१ | - |
| ११ | सजू थापा | सहायक | १६२,७५६.०० | २१,६००.०० | १४,३३६.०० | १३,५६३.०० | - | १६,२३१.८० | २२८,४८६.८० | १३,१२५.०० | | २४१,६११.८० | ३२,४६३.६० | २०९,१४८.२० | २,०९१.४८ | - |
| १२ | आदर्श तामांग | का. सहयोगी | १३२,०००.०० | ६,०००.०० | ३,७५०.०० | - | - | - | १४१,७५०.०० | ११,२५०.०० | | १५३,०००.०० | - | १५३,०००.०० | १,५३०.०० | - |
| १३ | बाल कुमारी तामांग | का. सहयोगी | १३३,५००.०० | ६,०००.०० | ३७५.०० | - | - | - | १३९,८७५.०० | ११,२५०.०० | | १५१,१२५.०० | - | १५१,१२५.०० | १,५११.२५ | - |
| | जम्मा | | २,४०५,९९२.०० | ५१८,४००.०० | ७०,५६२.०० | १८७,७४४.०० | २९,९७३.६० | १७६,५८७.३० | ३,३८९,२५८.९० | ४६१,९१०.०० | २२६,०७०.०० | ४,०७७,२३८.९० | ३५३,१७४.६० | ३,७२४,०६४.३० | ३४,४४०.६९ | ४५,९८३.२० |

SLM & ASSOCIATES ★ Pokhara Nepal ★ Chartered Accountants

**श्री संचय बहुउद्देशीय सहकारी संस्था लिमिटेड**
**पोखरा म. न. पा. ८, कास्की**
**Ratio Analysis of PEARLS**

**मिति २०७६/०४/०१ देखि २०७७/०३/३१**

| सूचक | सूत्र | भएको | हुनुपर्ने | कैफियत |
|---|---|---|---|---|
| P1 | ऋण हानीका लागि छुट्टाएको कोष /१२ महिनाभन्दा बदि भा.ना. रकम | १००.००% | १००.००% | + |
| P2 | खुद नोक्सान कोष /१२ महिनाभन्दा कम भा.ना. रकम | ३५.००% | ३५.००% | + |
| P3 | अपलेखन गरेको खराब ऋण / १२ महिना भन्दा बढी भाका नाघेको ऋण | ०.००% | १००.००% | - |
| P4 | बार्षिक अपलेखन गरेको ऋण / औशत कूल ऋण | ०.००% | न्युनतम | + |
| P5 | संचित ऋण असुली / संचित अपलेखन | १००.००% | १००.००% | + |
| P6 | आर्थिक सामर्थ्य (सम्पत्तिको खास मुल्य/ जम्मा शेयर र बचत) | ११८% | > ११०% | + |
| E1 | उठ्न बांकी ऋण रकम/ जम्मा सम्पत्ती | ७०.४९% | ७०% -८०% | + |
| E2 | तरल लगानी / जम्मा सम्पत्ती | १०.४८% | १०-२०% | + |
| E3 | गैर तरल वित्तीय लगानी /जम्मा सम्पत्ति | १२.५% | <१०% | - |
| E4 | गैर वित्तीय लगानी/जम्मा सम्पत्ति | ३% | ०.००% | - |
| E5 | सदस्य बचत रकम / जम्मा सम्पत्ती | ६६.४५% | ७०% -८०% | - |
| E5 | वाह्रय ऋण/ जम्मा सम्पत्ती | ०.००% | <५% | + |
| E7 | शेयर पुंजी/ जम्मा सम्पत्ती | १७.५४% | १०%-२०% | + |
| E8 | संस्थागत पुंजी/ जम्मा सम्पत्ती | २४.०८% | > १०% | + |
| E9 | खुद संस्थागत पूंजी / जम्मा सम्पत्ति | २३.६०% | > १०% | + |
| A1 | जम्मा भाखा नाघेको ऋण / जम्मा उठ्न बांकी ऋण | १.७% | <५% | + |
| A2 | प्रतिफल आर्जन नगर्ने सम्पत्ती / जम्मा सम्पत्ती | ६.४६% | <५% | - |
| A3 | संस्थागत निशुल्क पुंजी (दायित्व) / प्रतिफल आर्जन नगर्ने सम्पत्ती | ४७९.४१% | >२०० % | + |
| R1 | ऋणमा आम्दानी / औषत जम्मा लगानी रकम र ऋण रकम | १४.९४% | संचालन लागत | + |
| R2 | तरल लगानीबाट आय / औषत तरल लगानी | ८.६७% | बजार दर | + |
| R3 | गैर तरल वित्तीय लगानी बाट आम्दानी/औषत गैर तरल वित्तीय लगानी | ११.८४% | बजार दर | + |
| R4 | गैर वित्तीय लगानी बाट आम्दानी/औषत गैर वित्तीय लगानी | ०.००% | > संचालन लागत | - |
| R5 | बचतमा तिरेको ब्याज खर्च / औषत जम्मा बचत रकम | १०.२९% | बजार दर | + |
| R6 | बाहिरी ऋणमा ब्याज खर्च /औषत बाहिरी ऋण | ०.००% | बजार दर | |
| R7 | लाभांश / शेयर पुंजी | १४.७१% | > मुद्रास्फीति दर | + |
| R8 | कूल आय नाफा / औषत जम्मा सम्पत्ति | ५.७५% | संचालन लागत धान्ने | + |
| R9 | संचालन खर्च / औषत जम्मा सम्पत्ती | १.०१% | < १०% | + |
| R10 | ऋण नोक्सानीको लागि व्यवस्था/ औषत जम्मा सम्पत्ति | १.१७% | जोखिम कर्जा दर | + |
| R11 | पटके आय वा खर्च / औषत जम्मा सम्पत्ति | ०.००% | न्युनतम | + |
| R12 | खुद आम्दानी / औषत जम्मा सम्पत्ति | ३.७३% | > R9 | + |
| L1 | तरलता कोष / जम्मा बचत | २४.०१% | >१५% | + |
| L2 | कार्यशील पूंजीको अवस्था | ५.४४% | >१०% | - |
| L3 | आय आर्जन नगर्ने तरल सम्पत्ति / जम्मा सम्पत्ति | १०.४८% | <१०% | - |
| S1 | लगानीमा रहिरहेको ऋणमा बृद्धि (यस बर्षको गत वर्षको) ऋण / गत बर्षको ऋण | -१.५०% | > S11 | - |
| S2 | तरल लगानीमा बृध्दि | -३३.२१% | > S11 | - |
| S3 | गैर तरल लगानीमा बृध्दि | ८०.००% | > S11 | + |
| S4 | गैर वित्तीय लगानीमा बृध्दि | ०.००% | <S11 | + |
| S5 | बचत बृद्धिदर (यस बर्षको गत बर्षको) / गत बर्षको बचत १०० | -२.९२% | > S11 | - |
| S6 | लिएको ऋणमा बृद्धि (यस बर्षको गत बर्षको) / गत बर्षको ऋण १०० | ०.००% | E3 | |
| S7 | सदस्य शेयर रकममा बृध्दि | २% | > S11 | + |
| S8 | संस्थागत पूंजीमा बृध्दि | ५.९६% | > S11 | + |
| S9 | खुद संस्थागत पूंजीमा बृध्दि | ७.४८% | > S11 | + |
| S10 | सदस्य संख्यामा बृध्दि | १.३९% | >१२% | - |
| S11 | जम्मा सम्पत्तिमा बृध्दि | -०.४५% | > मुद्रास्फीति दर | - |

# सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

पोखरा - ८, सृजनाचोक

**बीसौ बार्षिक साधारण सभामा प्रस्तुत आ.व.२०७७/७८ को प्रस्तावित बजेट**

| शीर्षक | गतको प्रस्तवित | यस आ.व.को बास्तविक | प्रस्तावित |
|---|---|---|---|
| आम्दानी तर्फ | | | |
| ऋणबाट व्याज | ९२,५००,०००.०० | ७७,३०८,११८.८२ | ८०,०००,०००.०० |
| बैंक खाताबाट व्याज | १३,०००,०००.०० | १४,३३६,३००.२१ | १०,०००,०००.०० |
| सदस्य शुल्कबाट | ४०,०००.०० | ६१,०००.०० | ७०,०००.०० |
| विलम्ब शुल्कबाट | ७००,०००.०० | २७०.०० | |
| विविध शुल्कबाट | ४०,०००.०० | १०८,१९९.१५ | ११०,०००.०० |
| ब्यबस्थापन शुल्कबाट | ५००,०००.०० | ४१९,५९६.०० | ५००,०००.०० |
| लगानीबाट | ५०,०००.०० | ३४५,९३८.४४ | ४००,०००.०० |
| रेमिटन्स | ३००,०००.०० | १९२,७५७.९३ | २००,०००.०० |
| एसएमएस कमीशन | – | २३,४८१.१६ | २५,०००.०० |
| कूल आम्दानी रु. | १०७,१३०,०००.०० | ९२,७९५,६६१.७१ | ९१,३०५,०००.०० |
| खर्च तर्फ | | | |
| निक्षेप व्याज | ५०,०००,०००.०० | ५०,६१३,०१६.८२ | ४७,०००,०००.०० |
| कर्मचारी तलब भत्ता | ४,०००,०००.०० | ३,६६८,६४९.९० | ३,८००,०००.०० |
| कार्यालय पोशाक | ११०,०००.०० | ११०,०००.०० | ११०,०००.०० |
| प्रकाशन | ६०,०००.०० | | ६०,०००.०० |
| बार्षिकोत्सव कार्यक्रम | ३०,०००.०० | २६,८९५.०० | ३०,०००.०० |
| लेखापरीक्षण शुल्क | ११३,०००.०० | ११३,०००.०० | ११५,०००.०० |
| अध्यक्ष भत्ता | १३०,०००.०० | १०८,०००.०० | १०८,०००.०० |
| मिटिङ लगाएत अन्य खाजाखर्च | ६०,०००.०० | ७२,२९९.१० | ७५,०००.०० |
| ईन्धन तथा यातायात | १८०,०००.०० | १८६,२६५.०० | २००,०००.०० |
| साधारण सभा | १,४००,०००.०० | १,४९१,५७४.१८ | १,५००,०००.०० |
| दीर्घकालिन योजना तर्जमा | २००,०००.०० | – | १००,०००.०० |
| कार्यालय घरभाडा | ३४०,०००.०० | ३३८,४००.०० | ३६०,०००.०० |
| वीमा | ४०,०००.०० | ३७,८६६.०० | ५०,०००.०० |

| | | | |
|---|---|---|---|
| बैठक भत्ता | ४००,०००.०० | ३४१,०००.०० | ५५०,०००.०० |
| बैठक यातायात भत्ता | २००,०००.०० | १७०,५००.०० | |
| कार्यालय सरसफाई | २,०००.०० | ५,०७०.०० | २५,०००.०० |
| मसलन्द तथा छपाई | १००,०००.०० | ६४,३४३.५४ | ७०,०००.०० |
| मर्मत तथा सभार | ५०,०००.०० | २१,१४९.०० | ३०,०००.०० |
| सामाजिक उत्तरदायित्व | ५०,०००.०० | ३७,५००.०० | ५०,०००.०० |
| सञ्चार | ८०,०००.०० | ९९,०८३.१६ | १००,०००.०० |
| पत्रपत्रिका | – | ८,३००.०० | १०,०००.०० |
| अवलोकन भ्रमण | २००,०००.०० | – | १५०,०००.०० |
| सफटवयर खर्च | ५०,०००.०० | १५१,४२०.०० | १५२,०००.०० |
| पानी | १५,०००.०० | १५,५१०.०० | १६,०००.०० |
| बिद्युत | २५,०००.०० | २१,२८८.०० | २५,०००.०० |
| ऋणमा व्याज छुट | १,०००,०००.०० | – | – |
| सुरक्षा | २००,०००.०० | २०३,४००.०० | २१०,०००.०० |
| विविध | ३००,०००.०० | ८७,३५९.०० | १००,०००.०० |
| सहकारी दिवस | ४०,०००.०० | – | ४०,०००.०० |
| लेखा परिक्षण खर्च | १,०००.०० | – | – |
| तालिम खर्च | २५,०००.०० | – | ५०,०००.०० |
| ह्रासकट्टी | २२०,०००.०० | १८०,७१४.५६ | २००,०००.०० |
| कुल खर्च रु. | ५९,६२१,०००.०० | ५८,१७२,६०३.२६ | ५५,२८६,०००.०० |
| सञ्चालन मुनाफा | ४७,५०९,०००.०० | ३४,६२३,०५८.४५ | ३६,०१९,०००.०० |
| ऋणको लागि व्यवस्था /आम्दानी | ६,०००,०००.०० | १,२२३,५१४.२० | २,०००,०००.०० |
| जम्मा मुनाफ | ४१,५०९,०००.०० | ३३,३९९,५४४.२५ | ३४,०१९,०००.०० |
| कर्माचारी बोनस कोष व्यवस्था | ३,७७३,५४५.४५ | ३,०३६,३२२.२० | ३,०९२,६३६.३६ |
| आयकर कट्टी गर्नु अघिको मुनाफ | ३७,७३५,४५४.५५ | ३०,३६३,२२२.०५ | ३०,९२६,३६३.६४ |
| आयकर व्यवस्था | ३,७७३,५४५.४५ | ३,०२७,२६५.५५ | ३,०९२,६३६.३६ |
| गत वर्षको कर तिर्न बाँकी | | १३३,११४.२७ | |
| **खुद मुनाफा** | ३३,९६१,९०९.०९ | २७,२०२,८४२.२३ | २७,८३३,७२७.२७ |

# सञ्चय सहकारी सदस्य कल्याणकारी कोषको

(शेयरसदस्यहरुको जानकारीको लागि)

१) **कोषको नाम** : सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड अन्तर्गत सञ्चय सहकारी सदस्य कल्याणकारी कोष **(Sanchaya Co-operative Member Welfare Fund)** नामक छुट्टै कोष रहने छ । साथै यो कोषको विनियम यही आ.व. २०६५/६६ देखि लागु हुनेको ।

२) **कोषको स्थापना**

यस कोषमा निम्न बमोजिमको रकम जम्मा गरिनेछ ।

क) प्रत्येक सदस्यहरुबाट संस्थामा प्रवेश गर्दा योगदान गरेको रकम,

ख) संस्थाले गरेको प्रत्येक वर्षको मुनाफाबाट सञ्चालक समितिले तोकेको रकम,

ग) कोष वृद्धिका लागि प्राप्त अन्य रकम ।

३) **कोषको सञ्चालन र व्यवस्थापन**

यस कोषको संचालनको लागि संस्थाको अध्यक्षको संयोजकत्वमा साधारण सभाले तोकेको २ जना साधारण सदस्य समेत ३ जनाको छुट्टै कोष व्यवस्थापन समिति रहनेछ ।

४) **कोष व्यवस्थापन समितिको पदावधि**

क) संस्थाको अध्यक्षको पदावधि अनुसार समितिको पदावधि कायम रहनेछ ।

ख) कारणवश सदस्यहरुको पदरिक्त हुन गएमा साधारणसभाबाटै सदस्य चयन हुनेको ।

ग) साधारणसभा नबसेको अवस्थामा कार्य सम्पादनको लागि संस्थाको कार्य समितिको निर्णय बमोजिम साधारण सभा नहुन्जेलसम्मको लागि सदस्य तोक्न सक्नेछ । यसरी तोकिएको सदस्यलाई साधारणसभा बसेको अवस्थामा सभाले अनुमोदन नगरेमा स्वतः पदावधि समाप्त भएको मानिनेछ ।

घ) अध्यक्षको हकमा संस्थाको विधान बमोजिम हुनेको ।

५) **कोष व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार**

कोष व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेको ।

क) कोष व्यवस्थापन समिति संस्थाको साधारणसभाप्रति उत्तरदायी हुनेको ।

ख) कोष व्यवस्थापन समितिले संस्थाको सञ्चालक समितिसँग समन्वय गरेर यस विनियम बमोजिम कोष सञ्चालन गर्नुपर्नेछ ।

ग) कोष व्यवस्थापन समितिले आफ्नो कामको अभिलेख राख्नुपर्नेछ ।

घ) आवश्यकता अनुसार बहुमत सदस्यको उपस्थितिमा बैठक बस्नेछ ।

६) **कोषको परिचालन**

कोष व्यवस्थापन समितिले कोषबाट सदस्यहरुलाई निम्न अवस्थामा आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

क) सदस्यलाई गम्भीर प्रकृतिको रोग लागि सहयोग गर्नुपर्ने अवस्था भएमा,

ख) सदस्यलाई दैवी विपत्ती वा अन्य आपतविपत संकट आइपरेमा,
ग) अंगभंग भई उपचार गर्नुपर्ने अवस्था भएमा,
घ) सदस्यको मृत्यु भएको अवस्थामा सदस्यको परिवारलाई भेटी स्वरुप रकम उपलब्ध गराउनुपर्नेछ ।

७. **रकम भुक्तानी सम्बन्धमा**

माथि दफा ६ बमोजिम रकम भुक्तानी दिँदा देहाय बमोजिम दिन सकिनेछ ।

क) आर्थिक सहायता उपलब्ध गराउँदा दफा ६ (क), (ख), र (ग) को अवस्थामा हाललाई रु २५०००/- मा नबढाई एक पटक उपलब्ध गराएपछि सञ्चालक समितिमा अनुमोदनको लागि पेश गर्नुपर्नेछ ।

ख) दफा ६ (घ) को अवस्थामा रु १०,०००|- उपलब्ध गराउन सक्नेछ । कोष व्यवस्थापन समितिले यसरी सहयोग वा भेटी उपलब्ध गराएपछि सञ्चालक समितिमा अनुमोदनको लागि पेश गर्नु पर्नेछ ।

८) कोषको हिसाब किताब सम्बन्धमा कोषको हिसाब किताब संस्थाको कार्यालयमा रहनेछ र सोको हिसाब किताब प्रत्येक वर्ष साधारण सभामा प्रस्तुत गरिनेछ ।

९) खारेजी कुनै कारणवश साधारण सभाले यो कोषको आवश्यकता महशुस नगरेमा बहुमतको निर्णय बमोजिम यो कोष खारेजी हुन सक्नेछ । त्यसरी कोषको खारेजी भएमा कोषमा रहेको रकम संस्थाको जगेडा कोषमा जम्मा गरिनेछ ।

१०) विनियम संशोधन सम्बन्धमा यो विनियमको संशोधन साधारण सभाको बहुमतबाट गर्न सकिनेछ ।

श्री सञ्चय वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, पोखरा-८, सृजनाचोक, कास्कीको २०७७ साल आसोज २५ गते आईतबारका दिन सम्पन्न हुने २१ औं साधारण सभामा सञ्चय सहकारी सदस्य कल्याणकारी कोषको विनियम-२०६५ का केहि बुँदाहरुमा संसोधन प्रस्ताव :

| | | |
|---|---|---|
| १ | हाल भईरहेको ब्यवस्था | दफा ६) को **'क'** सदस्यहरुलाई गम्भीर प्रकृतिका. रोग लागि सहयोग गर्नुपर्ने अवस्था भएमा, |
| | संसोधन भएको | दफा ६) को **'क'** सदस्यहरुलाई गम्भीर प्रकृतिका. रोग लागि सहयोग गर्नुपर्ने अवस्था भएमा भन्दा तल निम्न उपदफा थपगर्ने ।<br>१) गम्भिर रोग भन्नाले मुटुको शल्यक्रिया, मानव अंग प्रत्यारोपण, पक्षघात, सबै प्रकारको क्यान्सर, ब्रेन ह्यामरेज, ट्युमर, एच आई भि/यड्स आदिलाई जनाउँछ ।<br>२) कोषबाट आर्थिक सहयोग प्राप्त गर्न निम्न शर्त वा अवस्थाहरु पुरा गरेको हुनुपर्ने छ ।<br>क) सदस्यता प्राप्त गरेको कमीतमा एक वर्ष अबधि पुरा गरेको हुनुपर्ने छ ।<br>ख) खराब कर्जामा सूचीकृत भएको हुनुहुँदैन ।<br>ग) अस्पतालको बेडमा भर्नाभई उपचार गरेको अबस्थामा मात्र उपचार खर्च पाईने छ ।<br>घ) अनिवार्य बचत नियमित जम्मा गरेको हुनुपर्दछ ।<br>ङ) यो सुविधा एकपटकलाई मात्र उपलब्ध गराईनेछ ।<br>च) गलत वा झुठा विवरण पेशगरी सुविधा लिएमा संस्थाले सातदिन भित्रमा रकम फिर्ता गराउने छ ।<br>छ) यो सुविधा प्राप्त गर्न अस्पतालबाट डिस्चार्ज भएको मितिले तिन महिना भित्र निवेदन सहित अस्पताल वा नर्सिङ होमको सक्कल कागजात, प्रिसक्रिप्सन बीलहरु संलग्न गर्नुपर्ने छ । |
| | संसोधन गर्नुपर्ने कारण | अझै पारदर्शी र स्पष्ट पार्न । |
| २ | हाल भईरहेको ब्यवस्था | दफा ६) को **'ख'** सदस्यहरुलाई दैवी विपत्ती वा अन्य आपलविपत संकट आइपरेमा, |
| | संसोधन भएको | (ख) सदस्यलाई दैवी विपत्ती वा अन्य आपतविपत आईपरी घरवारविहीन भएमा । |
| | संसोधन गर्नुपर्ने कारण | अझै पारदर्शी र स्पष्ट पार्न । |
| ३ | हाल भईरहेको ब्यवस्था | विनियम ७ को (क) मा आर्थिक सहायता उपलब्ध गराउँदा दफा ६ (क), (ख) र (ग) को अबस्थामा हाललाई रु. २५,०००/- मा नबढाई एकपटक उपलब्ध गराएपछि सञ्चालक समितिमा अनुमोदनकोलागि पेश गर्नुपर्नेछ |
| | संसोधन भएको | विनियम ७ को (क) मा दफा (६) अनुसार दिनुपर्ने ठहर भएमा प्रति सदस्य रु. ३५,०००/- मा नबढाई एकपटकलाई मात्र उपलब्ध गराईनेछ । |
| | संसोधन गर्नुपर्ने कारण | समय अनुसार |



**नेपालीहरुको महान् चाड**
**वडा दशै तथा शुभदीपावलीको**
**पावन अवसरमा समस्त शेयर सदस्य**
**एवम् शुभचिन्तकहरुमा हार्दिक मंगलमय**
**शुभकामना व्यक्त गर्दछौं ।**

## सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

पोखरा - ८, सृजनाचोक

**नोटः**

१. सञ्चय बचत खाताबाट जतिसुकैपनि रकम भिक्न सकिनेछ, तर विदाको दिन रु. १,००,०००/- भन्दा बढी भिक्नु परेमा १ दिन अगाडि सूचना गर्नुपर्नेछ ।

२. सञ्चय बचत खातामा ३/३ महिना (प्रत्येक असोज मसान्त, चैत्र मसान्त तथा आषाढ मसान्त) मा व्याज गणना गरी सोही खातामा जम्मा गरिनेछ ।

३. सञ्चय बचत खातामा न्यूनतम रु. १००/- ब्यालेन्स हुनुपर्नेछ ।

४. मासिक क्रमिक बचत खातामा ३/३ महिनामा ब्याज गणना गरी सोही खातामा जम्मा गरिनेछ र अवधि पुगेपछि एकमुष्ठ भुक्तानी दिइनेछ ।

५. मासिक क्रमिक बचत खातामा जम्मा गर्नुपर्ने रकम जुन महिनाको किस्ता सोही महिनाको मसान्तसम्म बुझाउन सकिनेछ, सोभन्दा ढिला भएमा नियमानुसार विलम्ब शुल्क लाग्नेछ । तर कुनै सदस्यले मासिक रुपमा जम्मा गर्न असमर्थ भएमा अग्रिम रुपमा पनि जम्मा गर्न सक्नेछ ।

६. मासिक वा दैनिक बचत खातामा जम्मा भएको रकम भुक्तानी म्याद अगावै माग भई भुक्तानी दिनुपरेमा भुक्तानी रकमको ५% शुल्क कट्टी गरी दिइनेछ ।

**बचत तथा ऋण नीति**

संस्थाकोप्रमुख कार्यमध्ये बचत तथा ऋण कारोवार मुख्य हो । संस्थाले आफ्ना सदस्यहरुको बचत गर्ने बानी बसाल्न तथा छरिएर रहेको पूँजीलाई बचत मार्फत संकलन गर्ने नीति लिएको छ। संकलन भएको बचतलाई परिचालन गर्ने मुख्य माध्यम ऋण लगानी हो। तसर्थ वित्तीय कारोवार गर्ने संस्थामा बचत तथा ऋण कारोबार एक आपसमा अभिन्न अंग जस्तो हुन्छ। त्यसैले कुनै पनि वित्तीय कारोवार गर्ने संस्थाको बचत तथा ऋण कारोवार व्यवस्थित गर्न बचत तथा ऋण नीति बनाई लागु गर्नु नितान्त आवश्यक छ। यसैअनुरुप यस संस्थाले बचत तथा ऋण नीति बनाई लागू गरेको छ।

**बचत नीति**

संस्थाको चालु पूँजीको मुख्य श्रोत सदस्यहरुको बचत हो । समय सापेक्ष बचत कारोवारको बृद्धि र बढ्दो प्रतिष्पर्धालाई मध्यनजर राखी सदस्यहरुलाई आफ्नो चाहना अनुरुपको बचत गर्न सजिलो होस् भन्नाको खातिर यो परिमार्जित बचत नीति लागू गर्न गइरहेका छौं । संस्थाले आफ्ना सदस्यहरुको सुविधाको लागि मुख्यतया ५ प्रकारका बचत (निक्षेप) योजना ल्याएकोछ।

१) साधारण बचत खाता
२) क्रमिक बचत खाता
३) आवधिक बचत खाता
४) बाल भविष्य बचत खाता

**१) साधारण बचत खाता**

सदस्यहरुको चाहना अनुरुप कुनै पनि बेला जम्मा गर्ने र चाहेको बेला झिक्ने सुविधाको लागि यो सञ्चय बचत खाता नामको साधारण बचत खाता योजनामा ल्याएको छ । यसमा न्यूनतम रु १००।- रजति पनि रकम राख्न रझिक्ने सुविधा हुनेछ। प्रत्येक सदस्यहरुको नाउँमा यो खाता खोलिएको हुनेछ। यस खातामा सदस्यहरुले वार्षिक रुपमा पाउने लाभांश, छुट, भत्ता जम्मा हुनुका साथैमाग गरेको ऋण रकम स्वीकृत भए पछि सम्बन्धित सदस्यको यसै संञ्चय बचत खातामा जम्मा गरिन्छ। र सदस्यले आवश्यकता अनुसार रकम झिक्न सक्दछन् । सदस्यहरुले आफ्नो यस बचत खाताबाट चेक वा भौचर दुवैबाट रकम झिक्न सक्नेछन्। साथै यस खातामा सदस्यहरुले नगदका अलावा अन्य बैंकतथा बित्तीय संस्थाको चेक पनि डिपोजिट गर्न सक्नेछन्।

**२) क्रमिक बचत खाता**

क्रमिक बचत हरेक सदस्यको लागि अनिवार्य हुन्छ। नियमित आयबाट स-साना रकम जम्मा गर्दैनिश्चित अवधि पुगेपछि प्रतिफल सहित झिक्न पाइने क्रमिक बचत खाताहरु २ प्रकारका छन्।

क) मासिक बचत
ख) दैनिक बचत

क) मासिक बचत :

कुनै पनि व्यक्ति यस संस्थाको सदस्य बनेपछि निजलाई क्रियाशील बनाउन र संस्थामा स्थायी रुपमा बचत गर्ने बानी बसाल्न यो बचत योजना लागू गरिएको हो । सदस्यहरुले मासिक रुपमा यो बचत रकम जम्मा गर्न आउनुपर्ने हुँदा उसले हरेक महिना संस्थामा आइ संस्थाको बारेमा के भइरहेको छ जानकारी पाइरहन्छ । यस्तो मासिक बचत हाल अवधि अनुसार ४ प्रकारका छन् । २, वर्षे ३ वर्षे, ४ वर्षे, र ५ वर्षे । यसमा अवधि अनुसार ब्याजदर फरक फरक रहेकोछ । जति बढी अवधिको हुन्छ त्यति ब्याजदर पनि बढी

राखिएको छ । यो मासिक रुपमा बचत गर्नेरकम जुन महिनाकोहो सोही महिनाको मसान्तसम्ममा जम्मा गर्नु पर्नेछ । अन्यथा हरेक महिना १ प्रतिशतका दरले बिलम्ब शुल्क बृद्धि गरी असुल गरिनेछ । सदस्यहरुले आफ्नो आवश्यकता अनुसार अवधि रोजेर मासिक रुपमा बचत गर्न सक्नेछन्। यस्तो बचत खातामा संस्थाले प्रत्येक ३/३ महिना अर्थात पौष मसान्त रआषाढ मसान्तमा ब्याज गणना गरी सोही खातामा पुँजीकरण गरी अवधि पुगेपछि सदस्यलाई एकमुष्ट भुक्तानी दिनेछ र उक्त सदस्यले पुनः अर्को अवधि छनौट

गरी नयाँ खाता खोली रकम जम्मा गर्दै जानु पर्नेछ । यसको ब्याजदर समय सापेक्ष समितिले निर्णय गरी घटबढ हुनेछ ।

**ख) दैनिक बचत**

यो दैनिक बचत पनि एउटा क्रमिक रुपमा जम्मा गर्दै जाने बचत योजना हो । यो निक्षेप योजनामा सदस्यहरुले भाग लिन सक्नेछन् । तर, अनिवार्य गरिएको छैन । यो निक्षेप संकलन गर्न यस संस्थाका कर्मचारी तपाईहरुको घरघरमा आई संकलन गर्नेछ । यस निक्षेप संकलन गर्न यस संस्थाका कर्मचारी तपाइहरुको घरघरमा आइ संकलन गर्नेछ । यस निक्षेप अन्तर्गत १ महिना, ३ महिना, ६ महिना र १ वर्षेअवधि रहेकोछ ।

**३) आवधिक वचत**

एकमुष्ठ रकम कुनैनिश्चित अवधिकोलागि राखिन्छ भने त्यसलाई आवधिक बचत भनिन्छ । सदस्यहरुलेआफूसित भएकोरकम लामोसमयसम्म प्रयोगमा ल्याउनु नपर्नेछ भनेयस्तोआवधिक वचत खातामा राख्न सकिन्छ । यस्तोखातामा दिइएनेब्याजदरपनि अवधि रब्याज भुक्तानी तरिका अनुसारफरक फरक छन् । जस्तैः

**क) त्रैमासिक ब्याज भुक्तानी आवधिक बचत खाता**

यस्तो मुद्दति खाता ६ महिना, १ वर्षे र २ वर्षे र ३ वर्षेको खोल्न सकिन्छ । यस्तो खातामा ब्याज अवधि समाप्त भएपछि एकमुष्ठ दिइन्छ ।

**ख) १ वर्षे विशेष आवधिक बचत खाता**

योखाता न्यूनतम रु ५,००,००।- को खोल्नु पर्ने हुन्छ । यसमा मासिक रुपमा ब्याज भुक्तानी दिइनेछ ।

**ग) ५ वर्षे विशेष आवधिक बचत खाता**

कुनै सदस्यलाई अनिवार्य जम्मा गर्नुपर्ने मासिक बचत गर्न नियमित आइरहन झञ्झट हुन र सम्भव नहुने सदस्यले आफूले क्रमिक जम्मा गर्नुपर्ने रकम अनुसार सोको ५ वर्षे विशेष आवधिक बचत खाता खोल्न सक्नेछ । यसरी खोलिएको खाताबाट पाउने ब्याज मासिक बचतमा जम्मा गरिनेछ र अवधि समाप्त भएपछि खाताको रकम र मासिक बचत खाताको रकम एकमुष्ठ भुक्तानी दिइनेछ ।

**४. बाल भविष्य बचत खाता**

१. योबचत योजनामा भर्खर जन्मेको बच्चादेखि १० वर्षसम्मका सदस्यहरुका छोरा छोरी, नाति नातिनीको नाममा खोल्न सक्नेछ ।

२. खातामा जतिसुकै रकम जहिले पनि जम्मा गर्दै जान सकिनेछ । तर जम्मा भएको रकम बालबच्चाको उमेर १८ वर्ष नपुगेसम्म झिक्न पाउने छैन । तर खातावाला बच्चाको सो उमेर अगावै मृत्युभएमा उक्त दिनसम्मको ब्याज सहित सम्बन्धित सदस्यलाई फिर्ता गरिनेछ ।

३. खातावाला बाल बच्चाको उमेर १८ वर्ष नपुग्दै सम्बन्धित सदस्यको मृत्यु भएमा सदस्यका अन्यहकदारले सदस्य नामसारी गरी यस बचतलाई निरन्तरता दिन सक्नेछ, यसरी निरन्तरता दिएमा उक्त खातामा संस्थाको तर्फबाट पनि कल्याणकारी कोषबाट केही रकम थप गरिनेछ, तर निरन्तरता गर्न नचाहेमा उक्त रकम अघिल्लो दिन सम्मको ब्याज सहित फिर्ता गरिनेछ ।

४. उक्त खाता खोल्नको लागि बच्चाको जन्म दर्ता प्रमाणपत्र वा चिनाको फोटोकपी पेश गर्नुपर्नेछ र १८ वर्ष पुगेपछि खाताको रकम भुक्तानी लिनको लागि सम्बन्धित खातावालाको नागरिकता प्रमाणपत्रको फोटोकपी पेश गर्नुपर्नेछ ।

**ऋण नीति**

संस्थाको मुख्य कार्य सदस्यहरुबाट संकलित पूँजी संस्थाका सदस्यहरुलाई माग अनुसार विभिन्न आय आर्जन हुने व्यवसाय तथा आवश्यकता पूर्ति गर्न सरल सुलभ तरिकाले ऋण लगानी गर्नु र अन्य आयमूलक क्षेत्रमा लगानी गर्नु हो । ती मध्ये धेरे अंश सदस्यहरुलाई ऋण लगानीमा जान्छ अर्थात् संस्थाले गर्ने प्रमुख कार्यमा ऋण लगानी पर्दछ । हाल संस्थाले सदस्यहरुलाई निम्न प्रयोजनका लागि ऋण लगानी गर्दै आएको छ ।

क) उद्योग तथा व्यापार व्यवसाय

ख) कृषि तथा पशुपालन

ग) घर निर्माण तथा घर खरिद

घ) सवारी साधन खरिद

ङ) सामाजिक कार्य (विवाह, ब्रतबन्ध, औषधी उपचार पूजा)

च) व्यक्तिगत प्रयोग (घरायसी सामान खरिद, वैदेशिक रोजगारआदि)

छ) शैक्षिक प्रयोजन (उच्च शिक्षा अध्ययन, विदेश भ्रमण)

संस्थाले गर्ने ऋण लगानी अल्पकालीन र दीर्घकालीन दुई प्रकारका छन् । अल्पकालीन ऋण अन्तर्गत ऋणको भाखा एक वर्ष हुनेछ । यस अल्पकालीन ऋणको ब्याज प्रत्येक महिनामा भुक्तान गर्नुपर्नेछ भने साँवा एक वर्षभित्र चुक्ता गर्नुपर्ने हुन्छ । त्यस्तै दीर्घकालीन ऋण अन्तर्गत १ वर्षमा वा १ वर्ष भन्दा बढी अवधिको लागि दिइन्छ । यस्तो ऋण हरेक महिनाको तोकिएको दिन साँवा तथा ब्याज गरी किस्ता किस्ता गरी बुझाउनु पर्ने हुन्छ । अल्पकालीन ऋण अन्तर्गत सदस्यहरुलाई उद्योग तथा व्यापार, व्यवसायको लागि चालू पुँजी लिनु परेमा सरल ऋणको पनि सुविधा लिन सकिनेछ ।

## ऋण लिनेप्रक्रिया

१) कम्तीमा विगत ३ महिना अघि सदस्य भई नियमित बचत गरेको सदस्यले ऋण माग कुन प्रयोजनको लागि हो सो खुलाई आवश्यक प्रमाण सहित संस्थाले तय गरेको ढाँचामा निवेदन दिनुपर्नेछ ।

२) सामान्यतया रु २ लाखसम्मको ऋणको लागि बचत तथा सुरक्षण हुने सदस्यहरुको व्यक्तिगत जमानीको आधारमा दिन सकिनेछ । यसरी कुनै सदस्यले व्यक्तिगत जमानी दिए पछि जमानी दिएको रकम बराबर शेयर, बचत तथा सुरक्षण संस्थाले एयरमार्क लगाइ राख्नेछ। ऋण लिने सदस्यले ऋण नतिरेमा जमानत दिने सदस्यको शेयर तथा बचत संस्थाले एयरमार्क लगाइ राख्नेछ। ऋण लिने सदस्यले ऋण नतिरेमा जमानत दिने सदस्यको शेयर तथा बचत रकम र सुरक्षणबाट असूल उपर गरिनेछ। तर सदस्य भएको एक वर्ष नपुगेकालाई यो सुविधा दिइने छैन ।

३) सदस्यहरुलाई ऋण प्रदान गर्नु अघि तमसुक बनाई आवश्यकता परेमा व्यक्तिगत जमानत लिई ऋण प्रदान गरीनेछ ।

४) सुरक्षण (घरजग्गा) धितोराखी ऋण लिने सदस्यहरुले सुरक्षण सम्बन्धी कागजात जस्तै सक्कल जग्गा धनी प्रमाण पूर्जा (लालपूर्जा) सक्कल ब्लुप्रिन्ट नक्सा, जग्गाको४ किल्ला प्रमाण, हालसालै तिरो तिरेको रसिद, राजिनामा वकसपत्र तमसुक, सुरक्षण धनीको नागरिकताको प्रमाणपत्र, फोटो, घरको नक्सा तथा निर्माण स्वीकृत तथा सम्पन्न प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

५) सुरक्षण संस्थालाई स्वीकार्य हुने कास्की जिल्ला भित्रको हुनुपर्नेछ साथै सदस्य वा सदस्यको एकाघर परिवारको नाउमा हुनुपर्नेछ। तेश्रो व्यक्तिको नामको सुरक्षण स्वीकार हुनेछैन ।

६) सुरक्षण दिने अचल सम्पत्तिको सामान्यतया रु ५ लाखसम्मको ऋणमा रोक्का र सोभन्दा माथिको ऋणमा मालपोत कार्यालयबाट न्यूनतम स्वीकृत ऋण रकम बराबरको मूल्य राखी धितोबन्धक पारित गरी लिइनेछ।

७) सुरक्षण राखेको जग्गाको मूल्यांकनले मात्र ऋण रकम नखाम्ने भएमा घरको अनिवार्य रुपमा ऋणीको खर्चमा बीमा गराउनु पर्नेछ ।

८) जग्गा खरिद वा घरनिर्माणको लागि ऋण प्रदान गरिनेछ। यसरी घरखरीदको लागि ऋण लगानी गर्दा मान्यता प्राप्त इन्जिनियर वा संस्थाले गरेको जग्गा तथा घरको मूल्यांकनको बढीमा ७० प्रतिशतसम्म ऋण लगानी गर्न सकिनेछ ।

९) घर निर्माणको लागि ऋण माग गर्दा सम्बन्धित नगरपालिकाबाट घरनिर्माण नक्सा पास, निर्माण स्वीकृत पत्र तथा मान्यता प्राप्त इन्जिनियरबाट घर निर्माणको लागत प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१०) जग्गा सुरक्षण लिंदा सामान्यतया जग्गाको क्षेत्रफल २ आना भन्दा कम क्षेत्रफलको धितो स्वीकार्य हुनेछैन । तर, थप सुरक्षणको लागि भने लिन सकिनेछ ।

११) आवधिक बचत खाताको धितोमा जाने ऋणमा पाउने ब्याजदरभन्दा २ प्रतिशत भन्दा बढी ब्याजदर हुनेछ। तर यस्तो ब्याजदर अन्य ऋणमा लिएको ब्याजदरभन्दा बढी हुनेछैन ।

१२) आवधिक बचत खाताको धितोमा ऋण बढीमा ९५ प्रतिशतसम्म लिन सकिनेछ । यस्तो ऋणको उक्त खाताको म्यादसम्म कायम हुनेछ ।

१३) रु १० लाखसम्मको ऋणको सुरक्षण मूल्यांकन संस्था आफैले गर्नेछ । सोभन्दा माथि ऋणको हकमा

सुरक्षणको मूल्यांकन मान्यताप्राप्त इञ्जिनियरिङ्ग कन्सल्टेन्सीले गरेको मूल्यांकनको आधारमा गरिनेछ ।

**ऋण असूली प्रक्रिया :-**

संस्थाले आफ्ना सदस्यहरुलाई ऋण लगानी गरिसकेपछि नियमित कारोवार सञ्चालन गर्न निश्चित अवधि पश्चात ऋण रकम साँवाका हकमा किस्ता किस्ता वा एकमुष्ठ र ब्याज रकम मासिक रुपले नियमित रुपमा असुल उपल गरेर लिनुपर्ने भएको हुँदा संस्थाले ऋण असूलीको लागि तपसिल वमोजिमको प्रक्रिया अपनाईने छ ।

१) अल्पकालीन ऋण (एक वर्ष वा सो भन्दा कम अबधिको कर्जा) लिने सदस्यले ब्याज माषिक रुपमा भुक्तानी गर्नुपर्नेछ भने साँवा रकमको हकमा तोकिएको अबधिभित्र पटक पटक वा एकमुष्ठ रुपमा भुक्तानी गर्नुपर्ने छ ।

२) दीर्घकालिन ऋण ९त्भचक ीयबल० लिने सदस्यले ऋण लिए पश्चात प्रत्येक महिनाको तोकिएको दिन तोकिएको साँवा किस्ता रकम र ब्याजको हकमा उक्त दिन सम्मको सम्पूर्ण ब्याज समेत हरेक महिनामा नियमित रुपले कर्जा चुक्ता नभएसम्म बुझाउँदै जानुपर्नेछ ।

३) ऋण लिएपश्चात ऋणको साँवा र ब्याज नियमित रुपमा बुझाउनुपर्ने व्यवस्था सहितको ऋणी सदस्य र सहकारी संस्थाको बीचमा भएको ऋणको सेवा सर्त सम्बन्धि सम्झौता-पत्रमा दुवै थरीले सहिछाप गरी लिने/दिने गरिनेछ । उक्त कर्जा सम्झौता पत्रमा उल्लेख गरिएका सर्त सहतिको बुँदाहरु दुबै पक्षले पालना गर्नुपर्नेछ ।

४) सामान्यतया ऋणको किस्ता तथा ब्याज बुझाउनुपर्ने दिन् सम्भव भएसम्म सहकारीवाट ऋणप्लाई फोन गरेर जानकारी गराईने छ । ऋणीलाई सहकारीवाट उपलब्ध गराएको नियमित रुपमा बुझाउने सेड्युल अनुसार ऋणी आँफै सम्झेरआई साँवाको किस्ता, साँवा र ब्याज बुझाउने कर्तब्य स्वयं ऋणीको हुनेछ ।

५) ऋण लिए पश्चात ऋणको साँवा ब्याज तोकिएको समय भित्र नबुझाई रोकिन गएमा तोकिए अनुसारको थप ब्याज (पेनाल्टी ब्याज) र ब्याजको ब्याज लाग्ने छ भने रोकिन गएको पहिलो एक किस्ता सम्मकोलागि सहकारीवाट फोन मार्फत जानकारी गराई तिर्न/बुझाउनकोलागि अनुरोध सहितको ताकेता गरिने छ । दोश्रो महिना पनि नबुझाएमा ऋणी तथा ऋणीको परिवारलाई घरमै गई भेटेर मौखिक रुपमा कर्जा बुझाउनकोलागि अनुरोध तथा ताकेता गरिने छ । तेश्रो महिना सम्म पनि कर्जाको साँवा, किस्ता तथा ब्याज नआई रोकिन गएमा ऋणी तथा उक्त ऋणकोलागि सिफारिस कर्ता तथा धनजमानी लेखाईदिने जमानी कर्ता समेतलाई लिखित रुपमै पत्राचार गरी पत्रद्धारा तर-ताकेता गरिनेछ । यसरी पत्रचार गर्दा समेत कर्जाको साँवा, किस्ता तथा ब्याज नबुझाएमा पत्राचार मार्फत ताकेता प्रकृया पुरा भएपश्चात कर्जा बुझाउने तथा चुक्ता गर्ने वारेको स्थानीय पत्र-पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरिनेछ । उक्त सार्वजनिक सूचनामा दिएको समयसम्म पनि कर्जा नियमित वा चुक्ता नभएमा कर्जा लिँदा बखत सहकारीलाई लेखिदिएको अचल सम्पत्ति (सुरक्षण) लिलाम बिक्रीकोलागि स्थानिय पत्र-पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी धितो रहेको सम्पत्ति लिलाम बिक्री गरेर सहकारीले लिनुपर्ने रकम असुल उपर गरिनेछ । धितो रहेको सम्पत्ति लिलाम बिक्री गरेर पनि सहकारीले लिनुपर्ने रकम असुल नभएमा ऋण तथा ऋण लिँदा बखत धन जमानी दिने व्यक्त र निजको परिवारको नाममा भएको चल अचल सम्पत्ति रोक्का राखि बाँकि रहेको रकम असुल उपर गरि लिईने छ ।

सहकारीले आफ्ना सदस्य ऋणीवाट लिनुपर्ने रकम असुल उपर गर्नुपर्दा सहकारीको शेयर र शेयर वापत प्राप्त हुने वोनस तथा अन्य सुविधाहरु भएमा सोवाट समेत रोक्का राखेर असुल गरिनेछ ।

६) कर्जा असुली प्रक्रियामा गएर कर्जा असूल गर्दा लाग्न जाने/गएको खर्च जस्तै पत्राचार गर्दा, पत्र-पत्रिकामा सार्वजिनक सूचना प्रकाशित गर्दा, लिलाम गर्दा सरकारी प्रतिनिधि कर्मचारीलाई दिनुपर्ने भत्ता र सहकारी आँफैले सकार गरेर लिनुपर्ने अवस्था सृजनाभई लिनुपरेको अवस्थामा लाग्ने राजश्व सहित सम्पूर्णखर्च ऋणीले व्यहोर्नुपर्ने छ ।

**ऋण तथा कर्जाको ब्याजदर :-**

संस्थाले लगानीगर्ने कर्जाको ब्याजदर समय समयमा सञ्चालक समितिले तोकेअनुसार हुनेछ । ऋणीले कर्जा लिँदा तथा संस्थाले कर्जा लगानीगर्दा बखत ब्याजदर जे जति भएता पनि बजारको अवस्था र सहकारीको तरलताको स्थिति अनुसार बेला बेलामा कर्जाको ब्याजदर हेरफेर हुनसक्ने छ । त्यसरी हेरफेर (घटबढ) भएको ब्याजदरलाई ऋणीले अनिवार्य रुपमा सहमति जनाउनुपर्ने छ । ब्याजदर घटबढ हुँदा कार्यालयको सूचना पार्टीमा सूचना टाँस गनुको अलवा फोन, पत्राचार, फेसबुक, ई-मेल मध्ये कुनै एक माध्यमवाट जानकारी गराईने छ ।

**कर्जाका अन्य सर्त तथा सुविधाहरु :-**

१) सहकारीलाई तिनुपर्ने कर्जाको किस्ता तथा ब्याजको पुरैरकम तोकिएको समय भित्र बुझाएमा -/५० (पचास पैसा) प्रतिशत ब्याजदर छुट दिईनेछ ।

२) नियमित रुपमा मासिक तिर्नुपर्ने किस्ता र ब्याज रकम तथा भाखाभित्र साँवा रकम नबुझाएमा सम्पूर्णसाँवा रकममानै ३% प्रतिशत थपगरेर ब्याज लिईने छ । उदाहरणको लागि कुनै सदस्य ऋणीले १४.००% प्रतिशत ब्याजदरमा कर्जा लिएको छ भने तोकिएको समय भित्र कर्जाको किस्ता तथा ब्याज नबुझाएमा ।
३% प्रतिशत थप गरेर १७.००% प्रतिशतका दरले ब्याज गणना गरिनेछ । त्यसरी थप ब्याज लिँदा जति दिन ढिलोगरी बुझाएको हो त्यतिनै दिनको थप गरेर लिईनेछ ।

३) कर्जाकोलागि सुरक्षण (धितो) लिँदा एकाघर परिवारको धितो मात्र स्विकार योग्य हुनेछ ।

४) सदस्यहरुले एकल वा सामुहिक रुपमा कृषि तथा पशुपालन फर्म व्यवसाय सञ्चालनगरी कर्जा लिन चाहेमा ब्याजदरमा विशेष छुट प्रदान गरिनेछ ।

५) उद्योग र व्यापार व्यवसायकोलागि कर्जा लिनकोलाीग व्यवसाय दर्ता, पान नं., नविकरण गर्नुपर्ने भएमा नविकरण गरेर, कर चुक्ता प्रमाण -पत्र र व्यवसाय सञ्चालनमा रहेको हुनुपर्नेछ ।

६) आफ्नै सहकारीको मुद्दती रसिदमा कर्जा लगानी गर्दा सहकारीले प्रदानगर्ने ब्याजमा २ प्रतिशत थप गरेर मुद्दती रसिद कर्जामा लिने ब्याजदर निर्धारण गरिनेछ ।

# हार्दिक श्रद्धाञ्जली



यस संस्थाका शेयर सदस्य सुरेश गिरीको असामयिक निधनमा स्वर्गीय आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

स्व. सुरेश गिरी

सञ्चालक समिति
**सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
पोखरा - ८, सृजनाचोक

# हार्दिक श्रद्धाञ्जली



यस संस्थाका शेयर सदस्य बद्रिलाल ज्वारचन्दको असामयिक निधनमा स्वर्गीय आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

स्व. बद्रिलाल ज्वारचन्द

सञ्चालक समिति
**सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
पोखरा - ८, सृजनाचोक

नामः

ठेगानाः

फोन नं.ः

इमेलः

टिप्पणीहरूः-

टिप्पणीहरू:-

# सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लि.

## लेखा सुपरिवेक्षण समिति





श्री नेत्रनारायण सुवेदी
संयोजक
मो. : ९८५६०२८६५०

श्री कृष्णप्रसाद शर्मा
सदस्य
मो. : ९८४६१६३७४८

श्री यामनारायण लामिछाने
सदस्य
मो. : ९८५६०४४३९०

## ऋण लगानी तथा असूली उपसमिति






श्री गणेश बहादुर थापा क्षेत्री
संयोजक
मो. : ९८४६०२९३४३

श्री सरस्वती अधिकारी
सदस्य
मो. : ९८४६७२८४४४

श्री अर्जुन पौडेल
सदस्य
मो. : ९८५१२०२७६६

श्री तारा श्रेष्ठ
सदस्य
मो. : ९८४६०२४९१५

## शिक्षा उपसमिति





श्री यज्ञराज शर्मा
संयोजक
मो. : ९८४६०२५०२७

श्री नवीन बहादुर अधिकारी
सदस्य
मो. : ९८४६०२६८१२

श्री टेकनाथ पौडेल
सदस्य
मो. : ९८५६०३३२५६

## महिला परिचालन उपसमिति







श्री भगवती रेग्मी शर्मा
संयोजक
मो. : ९८४६०३९१२५

श्री गंगादेवी शर्मा
सदस्य
मो. : ९८४६११८५२५

श्री सीता भट्टराई अधिकारी
सदस्य
मो. : ९८४६१४३३३०

## पदपूर्ति उपसमिति



श्री कृष्ण प्रसाद बराल
संयोजक
मो. : ९८४६०५०३५४

श्री नवराज पौडेल
सदस्य सचिव
मो. : ९८५६०५६७३०

श्री मित्रलाल पोखेल
सदस्य
मो. : ९८४६१७२९१५

श्री भोलानाथ पौडेल
सदस्य
मो. : ९८५६०२९१५१

## कल्याणकारी उपसमिति





श्री राजेन्द्रमान श्रेष्ठ
संयोजक
मो. : ९८५६०३२८४४

श्री विष्णुप्रसाद बराल
सदस्य
मो. : ९८४६०३०७४७

श्री सरोज कुमार श्रेष्ठ
सदस्य
मो. : ९८५६०२६८९०

## सहकारी प्रर्वद्धन उपसमिति





श्री सूर्यबहादुर गुरुङ्ग
संयोजक
मो. : ९८५६०२७७३९

श्री भगवानप्रसाद उपाध्याय
सदस्य
मो. : ९८४६१५७०२२

श्री भुपेन्द्रमान श्रेष्ठ
सदस्य
मो. : ९८४६०२१६७५

देश विदेशबाट पठाएको रकम तुरुन्तै भुक्तानी लिन तथा नेपालको कुनै पनि ठाउँमा रकम पठाउन छिटो छरितो रेमिटान्स सेवाको लागि सम्पर्क राख्नुहोला ।

विदाको दिन पनि सेवा उपलब्ध छ ।

| | | |
|---|---|---|
| IME International Money Express A Complete Money Transfer Solution | prabhu Money Transfer | WESTERN UNION MONEY TRANSFER |
| himal remit हिमालरेमिट | CITY EXPRESS MONEY TRANSFER | SAMSARA MONEY TRANSFER |
| MoneyGram. Money Transfer | HULAS Remit Domestic Money Transfer in association with SUNRISE BANK LIMITED | IME pay |
| XPRESS MONEY GLOBAL MONEY TRANSFER | Global Remit ग्लोबल रेमिट | EzRemit Money Transfer |

## सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लि.
## सञ्चय मनी ट्रान्सफ

पोखरा-८, कास्की
फोन नं. ०६१-५३८७५१, ५५१७०४
Email: sanchaya.cooperative@gmail.com | Website: www.sanchaycoop.com
Facebook: sanchay.cooperative | Instagram: sanchayacoop